म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २७९ मंगलबार ९ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 23 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मक्वानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना

B Pharma - २ जना

**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौँडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

# चिट्ठा विधेयक: 'कालो धनलाई सेतो बनाउन' खोजिएको आशंका

साझाकुरा संवाददाता


हेटौंडा, ८ जेठ/बागमती प्रदेशमा सरकारले ल्याएको प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले हंगामा मच्चाएको छ ।

'कालो धनलाई सेतो बनाउन' मद्दत पुर्‍याउने उक्त विधेयकलाई लिएर यतिबेला सवत्र आलोचना भइरहेको छ । सुशासनको नारा लगाइरहेको सरकारले विधेयक ल्याए पनि प्रदेश प्रमुखबाट प्रमाणीकरण हुन सकेन । विधेयक प्रमाणीकरण हुन नसकेर पुन: प्रदेशसभामै पुन:विचारका लागि फिर्ता आएपछि प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि अनेकौं टिक्काटिप्पणी सुरु भएको छ । विधेयकमाथि आशंका उब्जिएसँगै सरकारले 'कालो धनलाई सेतो बनाउन' कानून ल्याउन खोजेको आरोप लागेको हो । आरोपलाई पुष्टि गर्ने केही आधारहरु पनि फेला परेका छन् ।

बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले विवादास्पद चिट्ठा विधेयक प्रदेशसभामै फिर्ता पठाइदिएका हुन् । गत १२ वैशाख साँझ बसेको प्रदेशसभा बैठकबाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउनेसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक र २०७९ र प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको थियो । ती दुवै विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल भएको थियो । शर्माले संघीय ऐनसँग प्रतिकूल हुन आएको सन्देशसहित विधेयक प्रदेशसभामा फिर्ता पठाइदिएका हुन् ।

प्रदेशसभा बैठकबाट एकैपटक पारित भएर गएकामध्ये मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउनेसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७९ प्रमाणीकरण भएसँगै लागू भइसकेको छ । तर,




प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय
हेटौँडा, नेपाल

चिट्ठा विधेयक भने नेपालको संविधानको धारा २०१ को उपधारा (३) बमोजिम पुनर्विचार हुन आवश्यक रहेको सन्देशसहित विधेयक प्रदेशसभामा फिर्ता गरिएको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता गोविन्दप्रसाद पौडेलले बताए । प्रदेशसभाको इतिहासमा पहिलोपटक विधेयक फिर्ता गएको छ । यसअघि सरकारले ल्याएका कुनै पनि विधेयक प्रदेशसामा फिर्ता नआएको प्रदेशसभा सचिवालयका प्रवक्ता तथा कानुन अधिकृत मनोज गुप्ताले जानकारी दिए ।

स्रोतकाअनुसार विधेयक लागू हुँदा 'कालो धनलाई सेतो बनाउन' मद्दत पुग्ने देखिएपछि प्रदेश प्रमुख शर्माले विधेयक फिर्ता पठाइदिएका हुन् । शर्माले तीन पृष्ठ लामो सन्देश लेखेका छन् । उक्त सन्देश मंगलबार बस्ने प्रदेशसभा बैठकमा सुनाइने सभामुख भुवनकुमार पाठकले जानकारी दिए । संघीय कानुनसँग प्रतिकूल हुन आएकोले विधेयक फिर्ता आएको उनको भनाइ छ ।

विधेयकमा केही विवादास्पद व्यवस्था राखिएको प्रदेशसभा सचिवालय स्रोत बताउँछ । जरिवानाको व्यवस्था, निश्चित उमेर नतोकिनु, एउटै व्यक्तिले जति वटा पनि चिट्ठा खेलाउन सक्ने, चिट्ठाको मूल्य नतोकिनु, प्रदेश प्रहरीलाई मात्रै अनुसन्धानको अधिकार दिनु, चिट्ठा खुलाउने कार्यक्रमको फोकल पर्सनका रुपमा मन्त्रालयकै एक जना अधिकृतस्तरको कर्मचारी हुनुलगायतले विधेयकमाथि आशंका गर्ने ठाउँ रहेको देखिएको हो । विधेयक सम्पति सुद्धिकरण ऐन, २०६४ को प्रतिकूल हुन आउने विश्लेषण गरिएको छ ।

चिट्ठासम्बन्धी जरिवानाको व्यवस्थाले १० हजारदेखि ५१ हजार रुपैयाँसम्म मात्रै जरिवाना गर्न सकिने उल्लेख छ । चिट्ठा खेलाएर गैरकानुनी कार्य गरेको प्रमाणित भएमा थोरै मात्रै जरिवाना तिरेर उम्किन सक्ने गरी विधेयक ल्याइएको छ । संघीय चिट्ठा ऐनमा बिगो बराबर जरिवाना र ६ महिनासम्म कैद सजायसमेत रहेकोमा प्रदेशले कैद सजाय हटाएर धेरैमा ५१ हजारसम्म जरिवाना राखेको हो । धेरै रकम अपचलन गरेर १० देखि ५१ हजार मात्रै तिरेर उन्मुक्ती दिने कानुन ल्याउन खोज्नु गम्भीर विषय बनेको छ ।

विश्वका हरेक मुलुकमा चिट्ठा खेलाउँदा चिट्ठा खोल्ने र लिनेको व्यक्तिगत विवरण जरुरी मानिन्छ । तर, यो फिर्ता भएको विधेयकले चिट्ठा खोल्ने र लिने व्यक्ति (कानुनी व्यक्ति)को कुनै वैयक्तिक विवरण माग्ने व्यवस्था गरेको छैन । जसकारण जुनसुकै व्यक्तिले पनि चिट्ठा खोलेको र लिएको देखाउन सक्ने अवस्था बनेको छ । अर्थात, कुनै एक व्यक्तिलाई १ करोडको चिट्ठा परेको अवस्थामा कालो धन भएको व्यक्तिले १ करोड १० लाख दिएर कालो धनलाई तत्काल निर्मलीकरण गर्न सक्ने देखिएको प्रदेश सचिवालयका एक उच्चअधिकृतले बताए ।

विधेयकमा पुरस्कारमा हेरफेर गर्न सक्ने व्यवस्थाले चिट्ठा बन्द हुने मितिसम्ममा चिट्ठामा तोकिएको कुल पुँजी बमोजिम सबै चिट्ठा बिक्री हुन नसकेमा सम्बन्धित व्यक्तिले बिक्री भए जति चिट्ठाको दामासाहीले पुरस्कार हेरफेर गर्न सक्ने उल्लेख छ । पुरस्कार हेरफेर गर्न सक्ने अधिकारले धेरै रकमको चिट्ठा बिक्री भए पनि थोरै रकमको मात्रै चिट्ठा बिक्री भएको देखाएर रकम अनियमिता गर्न सक्ने बाटो खुला गरि दिएको थियो । पुरस्कार हेरफेर गर्नुअघि त्यस्तो चिट्ठा बिक्री बन्द भएको सात दिनभित्र बन्द भएको मितिसम्ममा बिक्री भएको र बिक्री हुन बाँकी चिट्ठाको लगत तथा चिट्ठा बिक्री भएको दामासाहीले पाउने पुरस्कारको परिणामसमेत उल्लेख गरी चिट्ठा खोल्नु अगावै चिट्ठा खोल्न चाहने व्यक्तिले स्वीकृतिका लागि मन्त्रालयमा निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ ।

यसैगरी, विधेयकमा चिट्ठा बिक्री तथा खेलाए वापत प्राप्त रकम कल्याणकारी कार्यमा खर्च गर्ने प्रयोजनका लागि चिट्ठा कल्याण कोष रहने पनि व्यवस्था गरिएको छ । उक्त कोषमा स्वदेशी तथा विदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम राख्न सकिने जनाइएको छ । विदेशी व्यक्ति, संघसंस्थाबाट रकम प्राप्त गर्नुअघि प्रचलित कानुन बमोजिम स्वीकृति लिनुपर्ने विधेयकमा उल्लेख छ । मन्त्रालयले चिट्ठा खोल्ने व्यवस्था मिलाउनुका साथै चिट्ठा खोल्दाका बखत पारदर्शीता कायम गर्न मन्त्रालयले चिट्ठा खोल्ने समयमा एक जना अधिकृतस्तरको कर्मचारी खटाउन सकिने उल्लेख छ । उक्त व्यवस्था संघीय कानुनसँग प्रतिकूल हुन गएको छ । चिट्ठा ऐन, २०२५ ले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई चिट्ठाको अनुगमन र निर्णय गर्ने अधिकार दिएकोमा मन्त्रालयले एउटा अधिकृतस्तरको कर्मचारीलाई जिम्मेवारी सुम्पिन लागेको हो ।

एउटा अधिकृतस्करको कर्मचारीलाई मात्रै अधिकार दिँदा चिट्ठा खेलाउने कार्यमा ठूलो आर्थिक चलखेल हुन सक्ने जोखिम देखिएको छ । जसको प्रभाव चिट्ठा विधेयक प्रमाणीकरण भएर लागू नहुँदै प्रदेशमा देखा परेको छ । विश्वस्त समाचार स्रोतका अनुसार कर्मचारीहरुले चिट्ठा विधेयकसम्बन्धी अस्वभाविक चासो निरन्तर राखेको पाइएको हो । चिट्ठासम्बन्धी आवश्यक जाँचबुझ गर्ने अधिकार पनि प्रदेश प्रहरीलाई दिइएको छ । सम्पत्ति सुद्धिकरणसँग जोडिन सक्ने गम्भीर प्रकृतिको घटनामा अनुसन्धान गर्ने अधिकार प्रदेश प्रहरीलाई तोकेरै दिनु पनि उचित नभएको चर्चा छ ।

संघ र प्रदेशको साझा अधिकारको सूचीको क्यासिनो, चिट्ठा विषय भएकाले प्रदेशले ल्याएको विधेयक संघीय कान्नु चिट्ठा ऐन, २०२५ सँग प्रतिकूल रहेको हो ।

*बाँकी पृष्ठ-४ मा....*

# हेटौंडामा दैनिक डेढ करोड लिटर पानी वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/बोर्ड स्थापना भएको दिनका अवसरमा हेटौंडा खानेपानी ब्यावस्थापन बोर्डको १० औ वार्षिकोत्सबको उद्घाटन हेटौंडा उपमहानगरपालिकाका मेयर मीनाकुमारी लामाले गरेकी छन् ।

कार्यक्रममा बोर्डको स्थापना कालमा काम गरेर सहयोग पुर्‍याउने तत्कालीन कार्यकारी निर्देशक तथा बागमती प्रदेशको खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालयका सचिब मोहनकुमार शाक्य, हेटौंडा उपमहानगरपालिका अधिकृतहरु जगन्नाथ सापकोटा र मनोजकुमार सुबेदीलाई बिशेष सम्मान गरिएको छ । त्यसैगरी खानेपानी बोर्डमा पानी उत्पादन, बितरण, फिल्डमा खटिने, मिटर रिडर लगायत क्षेत्रमा उत्कृष्ट काम गर्ने ११ जना कर्मचारीलाई नगद सहित सम्मान गरिएको छ ।

हेटौंडा खानेपानी व्यावस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका उपमेयर राजेश बानियाँ, हेटौंडा उपमहानगरपालिका वडा नम्बर-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जन, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारुमगर, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका सदस्य डा. कृष्ण धिताल, खानेपानी उपभोक्ता समितिका तर्फबाट भबसागर श्रेष्ठ लगायतले मन्तब्य व्यक्त गरेका थिए ।

कार्यक्रममा बोर्डका निमित्त कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटाले खानेपानी संस्थानबाट बोर्डमा परिणत भएपछि अहिलेसम्म भएका कामका प्रगति विवरण प्रस्तुत गरेका थिए । वोर्डले उपमहानगरका वडा नम्बर ३, ११, १२ र १३ नम्बर वडा बाहेकमा बसोबास गर्ने एक लाख ५५ हजार नगरवासीलाई दैनिक एक करोड ८८ लाख लिटर पानी वितरण गर्दै आइरहेको छ । करिब २३ हजार ५ सय धाराबाट दैनिक ६ देखि ७ घण्टा खानेपानी वितरण गर्दै आइरहेको वोर्डका अध्यक्ष विष्टले बताए । हेटौंडा उपमहानगरले नगरबासीलाई राहतस्वरुप गत भदौ महिनादेखि



न्यूनतम खानेपानी महशुलमा १० हजार लिटर छुटको व्यवस्था गरेको छ ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले चालु आर्थिक वर्षको बैशाख मसान्तसम्म पानी महशुल विलिङ रकमबाट ९७.२६ प्रतिशत रकम उठाउन सफल भएको छ । बोर्डले ९ करोड ८० लाख ९२ हजार मध्येमा ९ करोड ५४ लाख ११ हजार बिलिङ उठाउन सफल भएको हो । उपभोक्तालाई पानी वितरणको लागि बोर्डले उपभोक्तासँगको सहकार्यमा २६ लाख ४२ हजार ५०४ बराबरको २२ हजार ३३६ मिटर पाइप लाइन विस्तार गरिएको छ । बोर्डको सेवा क्षेत्रभित्र ४ लाख ३८ हजार रुपैयाँ बराबरको ३ हजार ८६ मिटर जीर्ण पाइप परिवर्तन गरेको बताइएको छ ।

बोर्डको सेवा क्षेत्रभन्दा बाहिर हेटौंडा उपमहानगरपालिकाको सिफारिसमा २८ लाख ३६ हजार ४५४ रुपैयाँ बराबरको ५१ हजार ९२० मिटर पाइप उपलब्ध गराइएको छ ।

*"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"*

**आधुनिक सुन चाँदी पसल**

हेटौँडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**

सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर

☞ वाइरिङ मर्मत



☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम


**Himalayan Motors Pvt.Ltd.**

हेटौँडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**घडेरीहरु बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौँडा उपमहानगरपालिका
वडा नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# प्राधिकरणको कालोसूची

नेपाल विद्युत प्राधिकरण हेटौंडा बितरण केन्द्रले लामो समयदेखि विद्युत महशुल नतिर्ने ग्राहकलाई कालोसूचीमा राख्ने निर्णय गरेको छ । सर्बसाधारण उपभोक्ताले पैसा नतिर्दा कालोसूचीमा राख्ने पुरानै प्रक्रिया हो । कतिपय उपभोक्ताको नामनिसाना नै छैन । कतिपय उद्यागे वा कारखाना बन्द भएको पनि वर्षौं भयो । तर, प्राधिरकरणले कालोसूचीमा राख्न छोडेको छैन । यति सम्म कि प्राधिकरणले आफ्नै विद्युत उत्पादन युनिटलाई कालो सूचीमा राखेर सूचना प्रकाशन गरेको छ । कुलेखानी जलविद्युत आयोजनालाई प्राधिकरणले कालोसूचीमा राखेको हो । कुलेखानी दोस्रोको ४ हजार आठ सय ५६ रुपैयाँ र कुलेखानी तेस्रोको एक लाख ४ हजार सात सय ८९ रुपैयाँ तिर्न बाँकी देखाएको र कुलेखानी जलविद्युत आयोजनाको दुबै युनिटलाई प्राधिकरणले कालोसूचीमा राखेको हो । कुलेखानी दोस्रो र तेस्रो आयोजनाले प्राधिकरणलाई कूल एक लाख ९ हजार ६ सय ४५ रुपैयाँ तिर्न बाँकी देखाइएको छ ।

कुलेखानी जलविद्युत आयोजनाले उत्पादन गरेको विद्युत प्राधिकरणले बिक्री गरिरहेको छ । आफ्नै उत्पादन गर्ने युनिटलाई कालोसूचीमा राखेको सूचना प्राधिकरणले सार्वजनिक गरेको हो । कालोसूचीमा रहेका ग्राहकहरुले आउँदो असार मसान्तभित्र बाँकी विद्युत महशुल बुझाउँदा १० प्रतिशत छुट नपाईने भएको छ । आइतरबार नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले कालोसूची रहेका ग्राहकहरुको नामावली सार्वजनिक गर्दै बाँकी बक्यौता बुझाउन आग्रह गरेको छ । सार्वजनिक विवरण अनुसार हेटौंडा वितरण केन्द्रको क्षेत्राधिकारभित्रका ५ सय ४२ जना ग्राहक कालो सूचीमा रहेका छन् । कालोसूचीमा परेपछि सार्वजनिक गरिएका ग्राहकहरुको तीन पुस्ते विवरणहरु सहित जिल्ला प्रशासन कार्यालय, नापी, मालपोत, उपमहानगर पालिका, गाउँपालिका एवं वडा कार्यालयहरुमा पठाउने तयारी भइरहेको नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले जनाएको छ । कालोसूचीमा रहेका ग्राहकहरुबाट नेपाल विद्युत प्राधिकरण ऐन २०४१ अनुसार सरकारी बाँकी महशुल असुलउपर गरिने समेत जनाएको छ । प्राधिकरणले जारी गरेको सूचनामा साविकको भीमफेदी गाउँ विकास समितिको नाममा ५५ हजार रुपैयाँ, तत्कालीन जिल्ला विकास समितिको नाममा दुई हजार पाँच सय ५५ रुपैयाँ बक्यौता देखाइएको छ । नेपाल तामाङ घेदुङको नाममा पनि १७ हजार सातसय ५२ रुपैयाँ बक्यौता देखाएइको छ । २०५६ सालदेखि संचालनमा आउन नसकेको र पटकपटक लिक्वीडेसनमा गएको हेटौंडा-काठमाडौं रोपवेको नाममा प्राधिकरणले ११ लाख ६३ हजार आठ सय ९४ रुपैयाँ बक्यौता देखाएको छ । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष रबिभक्त श्रेष्ठले हेटौंडा-३ बसामाडीमा संचालन गरेको नबीन रिरोलिङ उद्योगको नाममा तीन लाख १० हजार आठ सय आठ रुपैयाँ बक्यौता देखाएको छ । जुन उद्योग दुई दसकदेखि बन्द भएको थियो ।

बसामाडीमा उद्योग स्थापना गरेको राप्ती डिहाइड्रेसनको नाममा एक लाख ४० हजार एक सय ६ रुपैयाँ बक्यौता रहेको प्राधिकरणले जनाएको छ । यसैगरी नेपाल विद्युत प्राधिकरणले ३ महिनाभन्दा बढी बाकी बक्यौता रहेका ६४ जना ग्राहकबाट २१ लाख २६ हजार ६५ रुपैयाँ नतिरेको खण्डमा तत्काल लाइन काट्ने चेतावनी दिएको छ । लाइन कट्टा केन्द्रीय सिस्टमबाटै हुने गरिएकोले समयमै बाँकी बक्यौता तिर्न प्राधिकरणले सूचना गरेको छ । बक्यौता भुक्तान पश्चातमात्र लाइन पुन: जडान हुने प्राधिकरणको हेटौंडा बितरण केन्द्रले जनाएको छ । यस्तै प्राधिरकरणको पालुङ वितरण केन्द्रले पनि लामो समयदेखि विद्युत महशुल नतिर्ने ग्राहकको नाम कालोसूचीमा राखेर असुलउपर गर्ने प्रक्रिया अगाडि बढाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ १० गते बुधबार २४ मे २०२३ । पञ्चमी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ६:४९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक तनाव बढ्नेछ | **तुला** | : आनन्दको महसुस हुनेछ |
| **वृष** | : मनमा छट्पटि बढ्नेछ | **वृश्चिक** | : मन चञ्चल हुनेछ |
| **मिथुन** | : शत्रु पराजय हुनेछ | **धनु** | : मान-सम्मान बढ्नेछ |
| **कर्कट** | : बुद्धि र पराक्रम बढ्नेछ | **मकर** | : धन लाभ हुनेछ |
| **सिंह** | : नातागोतासँग भेटघाट हुनेछ | **कुम्भ** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ |
| **कन्या** | : रोकिएको कामहरु बन्नेछ | **मीन** | : नबोली बस्दा राम्रो हुनेछ |

# किन धर्मराउँदै छ नेपाली अर्थतन्त्र ?



कृष्ण पौडेल

नेपालमा नयाँ बजेट ल्याउने तयारी भइरहँदा राष्ट्रिय अर्थतन्त्रबारे चर्चा-परिचर्चा एवं विचार-विमर्श भइरहेका छन् । मिडियामा विभिन्न विज्ञका धारावाहिक संवाद चलिरहेका छन् । देश-विदेशमा आइरहने आर्थिक हलचलबाट आफ्नो दैनिकी प्रत्यक्ष प्रभावित हुने भएकाले अर्थतन्त्रबारे चासो र चिन्ता लिने सर्वसाधारणको आकार समेत बढ्दै गइरहेको देखिन्छ ।

कुनै समय मूलत: परम्परागत निर्वाहमुखी कृषिमा आधारित हुँदा देशको अर्थव्यवस्था आधुनिक बजारसँग भन्दा प्रकृति वा मौसमी अवस्थासँग बढी जोडिएको थियो । त्यस्तो अवस्थामा आम मानिसलाई वर्षा, खडेरी वा प्राकृतिक प्रकोपको बढी चासो र चिन्ता हुन्थ्यो । त्यसको समाधान वा रोकथाम काबुभित्र नभए पनि देवी-देवताको पूजा, प्रार्थना लगायत धार्मिक तथा तान्त्रिक अनुष्ठानबाट संकटप्रतिको जनचासो प्रकट हुने गर्दथ्यो । तर जब हजारौं वर्षदेखि प्राकृतिक रूपमा नै चलिआएको अर्थव्यवस्थामा आधुनिकीकरण प्रवेश गऱ्यो, तब त्यो प्राकृतिक आत्मनिर्भरतामा क्षयीकरण आउन र बजारमाथिको निर्भरता बढ्न थाल्यो । किनभने बजारीकरण नै आधुनिकीकरणको पर्याय हो ।

फरक प्रकृतिको अर्थव्यवस्थामा समस्या र चुनौती पनि फरक हुने गर्छन् । परम्परागत अर्थतन्त्रको बाहुल्य रहुन्जेल विश्व अर्थतन्त्रमा जस्तोसुकै विपत्ति आइलागे पनि त्यसको खासै असर पर्दैनथ्यो । विदेशमा बाँच्न नसक्ने अवस्था भए घर र शहरमा अप्ठ्यारो परे गाउँ फर्किन सुरक्षित मानिन्थ्यो । तर कारणवश अनिकाल वा भोकमरी, प्राकृतिक प्रकोप वा रोगव्याधिको महामारी लागे पूरै गाउँ सखाप बनाउने कालचक्रको शिकार बन्नुपर्दथ्यो ।

देशमा बजारीकरण र गाउँ-गाउँमा आधुनिकीकरण विस्तार हुँदै जाँदा केही अपवाद बाहेक त्यस्तो मृत्युचक्रको भुमरीबाट समाज लगभग मुक्त भइसकेको छ । बजार वा आधुनिक अर्थ-व्यवस्थामा पनि कहिले चरम आर्थिक मन्दी, कहिले चर्को महँगी जस्ता समस्या दोहोरिरहने हुँदा त्रासदीपूर्ण जोखिम सधैं रहिरहन्छ ।

आर्थिक विकासले उमङ्ग, आनन्द र सुविधा मात्र ल्याउँदैन, सँगसँगै उदेकलाग्दा दर्द र द्विविधा पनि निम्त्याउँछ। तसर्थ, आधुनिक मुलुकमा अगुवा नीति-निर्मातादेखि सर्वसाधारण समेत अर्थतन्त्रको आधुनिकीकरणसँगै आउन सक्ने सम्भावित संकट थेग्न र मुकाविला गर्न हरबखत तयारी अवस्थामा रहनुपर्दछ । सबैले सो बमोजिम व्यवहार र संहिताको पालना गर्नुपर्ने हुन्छ, त्यो अभ्यासलाई संस्कृतिको रूपमा स्थापित गर्न सक्नुपर्दछ ।

केही समययता आम जनमानसमा नेपाली अर्थतन्त्र गम्भीर रूपमा संकटोन्मुख रहेको संशय सञ्चार भएको छ । अघिल्लो वर्ष श्रीलंका टाट पल्टेको खबरले झस्काएको थियो किनभने त्यतिबेलै नेपालमा विदेशी मुद्राको सञ्चितिमा निरन्तर ह्रास आइरहेको थियो । नेपाल पनि श्रीलंका बन्ने चेतावनीयुक्त राग-प्रलापहरू यत्रतत्र व्यक्त भए ।

हाल पर्याप्त राजस्व नउठ्दा सरकार लाई नियमित खर्च व्यवस्थापन गर्न मुस्किल परेका समाचार आइरहेका छन् । साथै केही समयदेखि बजार कारोबारमा मन्दी छाइरहेको स्थितिमा सरकारको खर्च प्रवाह पनि घटेर जाने हो भने समस्या अझै गहिरिन सक्ने आशंका बढेको छ ।

अर्थतन्त्रका कतिपय पाटाहरू प्रत्यक्ष सतहमा देखिने र बढी चलायमान हुन्छन् भने कतिपय सहजै नदेखिने, सुस्त तर दीर्घकालीन प्रकृतिका हुन्छन् । सरकारको आम्दानी, खर्च हुने सार्वजनिक क्षेत्र, वैदेशिक व्यापार वा लेनदेन, बाह्य क्षेत्र, बैंकिङ तथा वित्तीय क्षेत्र सतहमा देखिने र अलि गतिशील हुन्छन् भने कृषि, उद्योग वा विविध सेवा तथा उत्पादनमूलक व्यवसायलाई आधारभूत एवं दीर्घकालीन मानिन्छ ।

अर्थतन्त्रका वास्तविक समस्या पहिचान र समाधान गर्ने हो भने तिनका विविध प्रकृति केलाएर वर्गीकरणसहित विश्लेषणात्मक मूल्यांकन गर्नुपर्छ । सरकारको स्रोत, राजस्व, आय तथा खर्चको असन्तुलन, वैदेशिक व्यापार तथा शोधनान्तर असन्तुलन, वित्तीय क्षेत्रको निक्षेप संकलन तथा कर्जा प्रवाह र असुलीबीचको असन्तुलन जस्ता प्रत्यक्ष देखिने अल्पकालीन समस्या हुन् ।

अल्पकालीन वा आकस्मिक भए पनि यस्ता समस्या प्राय: ढिलो-चाँडो दोहोरिने हुँदा दीर्घकालीन दृष्टिले नियमित चुनौती नै मानिन्छ । अर्थतन्त्रको खास वा आधारभूत क्षेत्र मानिने कृषि, उद्योग, व्यापार तथा व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्रको अवस्था वा समस्यालाई संरचनागत समस्याको रूपमा बुझ्न सकिन्छ । यो मूलत: पूँजीगत लगानी, उत्पादकत्व तथा रोजगारीको अवस्थासँग सम्बन्धित हुन्छ ।

समग्र सामाजिक, आर्थिक तथा राजनीतिक प्रणालीसँग सम्बन्धित र तमाम आर्थिक गतिविधि तथा अवस्थालाई नियन्त्रित, निर्देशित एवं निर्धारित गर्ने अर्थतन्त्रको पाटो वा समस्यालाई संस्थागत समस्या भनिन्छ । बैंकिङ क्षेत्र, सरकारी वित्त तथा भुक्तानी सन्तुलनका समस्या महामारी, प्राकृतिक प्रकोप, नाकाबन्दी वा अशान्ति जस्ता आकस्मिक कारणसँग मात्रै जोडिएका हुँदैनन्, अर्थतन्त्रका दीर्घकालीन संरचना तथा संस्थागत अक्षमताका कारणसँग समेत जोडिएका हुन्छन् ।

लामो समय राजनीतिक संकट, महामारी, प्राकृतिक विपत्ति वा अशान्तिको अवस्था नरहेको सामान्य वातावरणमा पनि बजार प्रणाली उत्साहजनक रूपमा चलायमान हुन सक्दैन । यसको अर्थ समस्याको मूल जरो अर्थतन्त्र तथा राज्यतन्त्रको संरचनागत एवं संस्थागत अवस्थासँग जोडिएको हुन्छ भन्ने हो ।

आधुनिक अर्थतन्त्रमा विभिन्न क्षेत्र एकापसमा अन्तरनिर्भर हुन्छन् । परम्परागत कृषि व्यवस्थामा बेंसीको खेती बिग्रे लेकले र लेकको खेती बिग्रे बेंसीले धान्थ्यो । तर एउटा क्षेत्रको संकटले अर्को क्षेत्रलाई लपेट्ने हुँदा बजार व्यवस्था अति संवेदनशील हुन्छ । नेपाली अर्थतन्त्रको संरचना आफैंमा असन्तुलित र विसंगतिपूर्ण छ । ६० प्रतिशत जनसंख्या निर्भर रहेको कृषि क्षेत्रको जीडीपीमा योगदान करिब एक चौथाइमा झरेको छ भने तीन चौथाइ हिस्सा ओगटेको गैरकृषि क्षेत्रले एक चौथाइलाई रोजगारी उपलब्ध गराएको छ । कृषि क्षेत्रमा रहेको अदृश्य बेरोजगारीको विकल्प वैदेशिक रोजगारी बन्न पुगेको छ । गैरकृषि क्षेत्रले जीडीपीमा तीन चौथाइ हिस्सा ओगटेको भए पनि रोजगारी संलग्नताको दृष्टिले निराशाजनक नै देखिन्छ ।

संरचनागत पक्षको अर्को पूरक पाटो शहरीकरणको विस्तार पनि हो । गुणात्मक शहरीकरण आर्थिक समृद्धिको महत्वपूर्ण शर्त हो । नेपालमा शहरीकरणको प्रक्रिया यथोचित मात्रा र गुणमा हुन सकिरहेको छैन। प्राय: शहर-बजारहरू उत्पादनभन्दा उपभोग, सुविधा वा विलासितामा केन्द्रित छन् । कुनै पनि शहरले औद्योगिक पहिचान बनाउन सकेका छैनन् ।

विगतमा त्यस्तो पहिचान बनाउन खोजेका हेटौंडा र विराटनगर जस्ता शहरमा पनि औद्योगिक गतिविधि अपेक्षित रूपमा फस्टाउन सकिरहेका छैनन् । ग्रामीण औद्योगीकरण प्राय: शून्य छ । परम्परागत घरेलु तथा हाते उद्योगहरू पनि सडक सञ्जालले विश्व बजारलाई जोड्दै गएपछि हराउँदै गएका छन् भने परम्परागत निर्वाहमुखी कृषि प्रणाली सुक्दै गइरहेको छ ।

गैरजिम्मेवार, अनुत्तरदायी, सामन्ती र स्वार्थी प्रवृत्तिमा लिप्त राजनीतिक तथा प्रशासनिक नेतृत्वका कारण कुनै पनि सरकारबाट सन्तोषजनक काम हुन सकिरहेको छैन। घोषित नीति, कार्यक्रम, योजना र परियोजनाहरू समयमै कार्यान्वयन गर्न/गराउन सरकारी संयन्त्र अकर्मण्य देखिन्छ ।

कृषि र उद्योगको योगदान न्यून भइरहेकोले समग्र अर्थतन्त्रको आधार कमजोर बनिरहेको छ। यही कारण अर्थतन्त्रमा विभिन्न खालका धराप निर्माण भइरहेका छन् । कहिले केमा कुन क्षेत्र फस्ने हो भन्न नसकिने अवस्था छ । देश र समाजलाई सही दिशा दिंदै विविध क्षेत्रका अवसर र चुनौतीलाई समयोचित अगाडि बढाउने इन्जिन भनेको संस्थागत पाटो नै हो । समयको आवश्यकता र सन्दर्भअनुसार अर्थ-सामाजिक रूपान्तरण, सहजीकरण र प्रोत्साहन गर्न सक्ने गरी संस्थागत पाटोमा गुणात्मक परिवर्तनको अभाव नै यावत् समस्याको मूल जड रहेको छ ।

यसबाहेक, अर्थ-सामाजिक आधुनिकी-करणका लागि राजनीति अनुकूल बन्न सकेन भने त्यो प्रक्रिया कचल्टिएर जान्छ, देश आर्थिक रूपमा ग्रुण र सामाजिक रूपमा अस्तव्यस्त बन्न पुग्दछ । आधुनिकतासँग प्रतिकूल भयो भनेर जनआन्दोलन तथा विद्रोहबाट निरंकुश अधिनायकवादी सत्ता र व्यवस्था फालिएको थियो। तर सो बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको लामो समयसम्म पनि आर्थिक-सामाजिक रूपान्तरणमा अपेक्षित परिणाम आउन सकिरहेको छैन।

मुलुकको राजनीतिक व्यवस्था बारम्बार परिवर्तन भए पनि राजनीतिक नेतृत्व, राज्य संरचना र कर्मचारीतन्त्रको कार्यशैली, कार्यक्षमता, सोच एवं संस्कारमा सारगत परिवर्तन आउन सकेको छैन । तसर्थ, विश्व परिवेश तथा युग अनुसार नेपाली अर्थतन्त्रको संरचनागत संक्रमण प्रक्रियालाई सहजतापूर्वक सहजीकरण गर्नु राजनीतिक क्षेत्रको जिम्मेवारी हो। (साभार: अनलाइनखबर)

# संसद्मा ओलीको पट्यारलाग्दो 'पुराण'

राजाराम गौतम

अन्तत: एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओली जेठ ७ गते संसद्मा बोलेका छन् । ओली सार्वजनिक मञ्चहरूमा बोलिरहने नेता हुन् । त्यसैले उनी बोल्नु नौलो सन्दर्भ होइन । यद्यपि, आइतबारको सम्बोधन विशेष हुने अपेक्षा थियो । कारण, यो पूर्वघोषित थियो र प्रचारित पनि ।

सायद त्यसैले संसद् मात्रै होइन, सिंगो समाज नै उनको सम्बोधन सुन्न व्यग्र थियो । नक्कली भुटानी शरणार्थी प्रकरणबारे संसद्मा र हस्योद्घाटन गर्छु भनेर घोषणा गरेपछि उनलाई सुन्ने व्यग्रता बढेको थियो । उनले भनेका थिए, 'नक्कली भुटानी शरणार्थी प्रकरणमा कहाँ कतिलाई पठाइयो, को संलग्न छ भन्ने सत्यतथ्यसहित आगामी जेठ ४ गते संसद्मा बोल्छु ।'

जेठ ४ गते संसद्मा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) सँगको प्रश्नोत्तर हुँदै थियो । यद्यपि, धेरैको चासो ओलीको पूर्वघोषित सम्बोधनतिर थियो । संसद्मा सशरीर उपस्थित हुनेहरू मात्रै होइन, टेलिभिजनको पर्दामा प्रत्यक्ष प्रसारण हेरिरहेका जनजनले पनि ओली कता छन् भनेर चियाए । तर, उनी संसद्मा देखिएनन् । बरु त्यसै साँझ उनले सामाजिक सञ्जालबाट स्वास्थ्य अवस्थाको प्रतिकूलताका कारण संसद्मा उपस्थित हुन नसकेको भन्दै प्रस्टीकरण दिए, 'नक्कली भुटानी शरणार्थी प्रकरणबारे आफूले थाहा पाएका तथ्यहरू संसद्समक्ष राख्ने मैले यसअघि बताएको थिएँ । स्वास्थ्यमा सुधार आएपछि त्यस विषयमा संसद्मा बोल्ने नै छु ।' यतिखेर संसद्मा बजेट अधिवेशन चलिरहेको छ । सरकारले नीति तथा कार्यक्रम घोषणा गरेको छ । शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले सकी-नसकी नीति तथा कार्यक्रम पढेर सुनाएपछि अहिले संसद्मा त्यसमाथि छलफल सुरु भएको छ । त्यही छलफलका क्रममा ओली संसद्मा प्रस्तुत भएका हुन् ।

नीति तथा कार्यक्रमबारे ओलीले शुक्रबारै छोटो टिप्पणी गरेका थिए, 'कर्मकाण्डी ।' सरकारले ल्याउने बजेट वा नीति तथा कार्यक्रम आदिलाई विपक्षी दलले 'कर्मकाण्डी' नै देख्छ । नेपाली राजनीतिको यो एउटा अर्को 'कर्मकाण्ड' हो । सत्तामा हुँदा आफ्ना प्रस्तुतिहरूको महत्व दर्शाउने, त्यसको बचाउ गर्ने अनि प्रतिपक्षमा हुँदा कर्मकाण्ड भनिदिए पुगिहाल्छ । यो ओलीको मात्रै कुरा होइन, हरेक दल र नेताले गर्ने टिप्पणी यिनै र यस्तै हुन् । त्यसमाथि ओलीले शनिबार नै आफ्ना सांसदहरूलाई नीति तथा कार्यक्रमको कडा प्रतिवाद गर्न निर्देशन दिइसकेका थिए ।

त्यसैले नीति तथा कार्यक्रममा ओलीले के भने, आम रूपमा खासै चासो छैन । नक्कली भुटानी शरणार्थी प्रकरणमा के बोल्लान् ? के नयाँ रहस्योद्घाटन गर्लान् ? यी प्रश्नमा चाहिँ आम चासो थियो । अर्को कुरा, परोक्ष रूपमा यो प्रकरणले स्वयं ओलीसामु केही गम्भीर नैतिक प्रश्नहरू खडा गरेको छ । प्रकरणले चर्को रूप लिँदै गर्दा जसरी ओली अस्वाभाविक हिसाबले भेटघाटमा सक्रिय देखिए र जे-जस्ता अभिव्यक्ति दिए, त्यसले सन्देह र प्रश्नहरू जन्माएको छ । उनले आफूमाथि उठेका प्रश्नको सामना कसरी गर्लान् भनेर पनि धेरै यो सम्बोधनको प्रतीक्षामा थिए । तर बहुप्रतीक्षित यो सम्बोधनमा ओलीले आफूलक्षित सन्देह चिर्न सके त ?

### चिरिएन सन्देह

भाषणकलामा तीक्ष्ण ओली मञ्च भेटेपछि हत्तपत्त अघाउँदैनन् । लामै बोल्छन् । उनले यस पालि संसद्मा झन्डै दुई घण्टा बोले । अधिकांश समय नीति तथा कार्यक्रमको आलोचनामै खर्चिए । सायद विपक्षी दलको धर्म निभाए । आफू सरकारमा हुँदा गरेका कामहरू स्मरण गराउँदै आत्मरतिमा पनि रमाए उनी । धेरैले सुन्न खोजेको नक्कली भुटानी शरणार्थी प्रकरणमा चाहिँ उनी संक्षिप्त बोले । तर त्यसमा कुनै नयाँ सन्दर्भ, तथ्यको उद्घाटन भएन । वैशाख २८ गते केन्द्रीय समिति बैठकमा उनले जे बोलेका थिए, त्यही कुरा दोहोऱ्याए । नयाँ तथ्य र रहस्यहरू सार्वजनिक गर्ने भनेर प्रचारित ओलीको यो सम्बोधन पट्यार लाग्दो 'पुराण' मा सीमित भयो ।

ओलीको प्रस्तुतिले कतिलाई 'इरिटेट' बनाउला वा कतिलाई 'इन्टरटेन' गर्ला, कतिले उनका प्रस्तुतिमा तर्कहरू देख्लान्, अनि कतिपयले कुतर्क पनि ठान्लान्, तथापि उनको भाषणले श्रोताचाहिँ बटुल्छ । कतिपय बेला उटपट्याङ शैलीमा प्रस्तुत भएर पनि उनी 'मास' लाई आफूतिर आकर्षित गर्ने क्षमता राख्छन् । तर आइतबारको संसदीय सम्बोधन त्यस्तो थिएन । उनले आफूतिर तेर्सिएको सन्देह चिर्न सकेनन् । उनले जवाफ दिन नसकेका केही प्रश्न छन्, जसले उनलाई पछ्याइरहनेछन् । पहिलो, बालकृष्ण पन्थी कार्यदल किन बन्यो ? नक्कली भुटानी शरणार्थी प्रकरणको जरो खोतल्दै जाँदा प्रहरीको अनुसन्धान पन्थी कार्यदलसम्म पुगेको छ । प्रहरी स्रोत भन्छ, कार्यदल गठनको अभिप्राय: नक्कली शरणार्थी सूची बनाउने रहेको देखिन्छ । उक्त कार्यदल ओली प्रधानमन्त्री भएका बेला २०७६ जेठ ३० गते तत्कालीन गृहमन्त्री रामबहादुर थापा (बादल) ले मन्त्रीस्तरीय निर्णयबाट गठन गरेका थिए । त्यो बखत गृहसचिव प्रेम राई थिए ।

कार्यदलमा विज्ञ भनेर मनोनयन गरिएका व्यक्ति शरणार्थी मामिलामा कुनै विज्ञताका कारण नभई गिरोहको दबाबमा राखिएको प्रहरी दाबी छ । यो कार्यदलको औचित्य र आवश्यकताबारे प्रश्न उठिरहँदा ओलीले गोलमटोल जवाफ दिएका छन् । संसद्मा बोल्दै उनले आफू सरकारमा हुँदा चौतर्फी घेराबन्दीमा परेकाले कागज पढ्न समय नपाएको बताए । वैशाख २८ गतेचाहिँ उनले भनेका थिए, 'मन्त्रीस्तरबाट कतै समिति बन्यो, मलाई थाहा छैन । नक्कली कागजात राखेर अहिले असली प्रतिवेदन फेरिएको छ । कभर लेटर उही छ । यो कुराको छानबिन भइरहेको छ । प्रहरीले भन्ला नि !'

सन् २०१६ मै शरणार्थी पुनर्वास कार्यक्रम सकिइसकेको सन्दर्भमा ओली सरकारलाई कार्यदल गठन गर्ने हुटहुटी किन जागेछ ? पन्थी कार्यदलको औचित्य र उपादेयता कसरी पुष्टि गर्ने ? कार्यदल गठनबारे उठेका यी प्रश्नले ओलीलाई पछ्याउन छाड्ने छैनन् । दोस्रो, वैशाख २८ गते नक्कली भुटानी शरणार्थी प्रकरणमा ओलीले एउटा सनसनीपूर्ण अभिव्यक्ति दिए । उनले भने, 'सन् २०१२ पछि विभिन्न गिरोहहरू नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाउन सक्रिय रहेको देखिन्छ । त्यस बेला तीन-साढे तीन सय बाहिर पठाएको पनि बुझिन्छ । यो काम ज्वाइन्ट भेरिफिकेसन टिममा लागेका मान्छेबाट तलतलै भइरहेको थियो । तर यो गोप्य थियो ।'

ओलीले यस्तो अभिव्यक्ति दिएपछि केही गम्भीर प्रश्न उठे । के उनलाई नक्कली भुटानी शरणार्थी बनाएर लैजाने गिरोहबारे पहिले नै थाहा थियो ? यदि थियो भने, उनले त्यो सूचना किन लुकाए र अहिले किन सार्वजनिक गरे ? उनले नक्कली भुटानी बनाएर लैजाने गिरोहलाई कानुनको दायरामा ल्याउने तदारुकता किन देखाएनन् ? अवैध ढंगले नक्कली शरणार्थी बनाएको सूचना पाएका उनी कार्यकारी प्रमुख हुँदा के हेरेर बसेछन् ? संसद्मा ओलीले यी प्रश्नको जवाफ दिएनन् । बरु तर्किन खोज्दै भने, 'त्यो बेला केही मान्छेहरू छिरेछन् भनेर अहिले सुनें । सरकारले त्यसको छानबिन गर्नुपऱ्यो ।' विस्तृतमा सत्यतथ्य दिने उद्घोष गरेका ओली यसरी संसद्मा रक्षात्मक देखिए ।

तेस्रो, ओलीको टोपबहादुर रायमाझी-लगाब पनि अस्वाभाविक लाग्छ । हुन त कांग्रेस नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाण पक्राउ परेपछि एमालेले रायमाझीलाई निलम्बन गऱ्यो तर त्यसअघि ओली 'बहालवाला सांसदलाई किन हतकडी लगाएर पक्राउ किन गर्ने' भन्दै प्रश्न गर्दै थिए । प्रकरणमा एकपछि अर्को खुलासा हुँदै नयाँ पात्रहरू पक्राउ पर्न थालेपछि ओलीले भने, 'दोषी नछुटून्, निर्दोष नउम्किऊन् ।' सम्बोधनमा उनले यही कुरा दोहोऱ्याए र आफूलगायतलाई छानबिन गर्न चुनौती पनि दिए । उनले दोषी उम्काउने र निर्दोष फसाउने प्रयत्नमा सरकार लागिपरेको आरोप लगाए । तर, फसाउन खोजिएका दोषी को हुन् ? निर्दोष को हुन् ? खुलाएनन् । शीर्ष तीन नेताहरूबीच भएका केही दिनयताका अपारदर्शी बैठकहरूको पनि उनले प्रतिरक्षा गरे । तर, जति प्रतिरक्षा गरे पनि उनी रक्षात्मक देखिएका थिए, सम्बोधनका क्रममा । उनले सन्देह र प्रश्नहरूको तर्कसंगत जवाफ सदनलाई दिन सकेनन् ।

### ओली-लहडमा ओलिंदो एमाले

नक्कली भुटानी शरणार्थी प्रकरणमा मात्रै होइन, राजनीतिक परिदृश्यमै एमाले पंक्ति यति बेला रक्षात्मक देखिएको छ । ओलीले शनिबार आफ्नो पार्टीको संसदीय दलको बैठकमा सांसदहरूको भूमिका 'लुलो' हुँदै गएको भनेर असन्तुष्टि व्यक्त गरे । उनले आफ्ना सांसदहरूलाई जोसजाँगर देखाउन भन्दै 'नुन खाएका कुखुरा' जस्ता नहुन आग्रह गरे । नुन खाएका कुखुराहरू झोक्राएर बस्छन्, शिथिल हुन्छन्, ठूलो अवसादमा डुबे जस्ता देखिन्छन् । के एमालेका सांसदहरू अहिले यही मनोदशामा छन् ? खासमा यति बेला एमालेका सांसदहरू मात्रै होइन, सम्पूर्ण पार्टी पंक्ति शिथिल छ, भुत्ते हुँदै गएको छ । बलियो सांगठनिक संरचना भएको र व्यवस्थित भनिएको यो पार्टी किन नैतिक रूपमा पराजित, शिथिल हुँदै गएको छ ? यसरी पार्टी पंक्ति 'नुन खाएका कुखुरा' जस्तो हुनुमा नेतृत्व कति जिम्मेवार छ ? यति बेला एमाले पंक्तिमा विमर्श हुनुपर्ने विषय हो यो । एमालेले जुझारु चरित्र गुमाउँदै गएको हेर्न टाढा जानैपर्दैन, केही दिनअघिको केन्द्रीय कमिटी बैठकसम्म पुगे हुन्छ । यस पटकको एमाले बैठकको अपेक्षित चर्चा भएन । कारण, यसले चर्चा गर्नलायक विमर्श नै गरेन । एउटा 'कर्मकाण्ड' पूरा गरेर एमालेले आन्तरिक लोकतन्त्रको अभ्यास गरेको अहम् फेरि एक पटक पाल्यो । मुलुकमा भ्रष्टाचारको मुद्दा यति प्रबल रूपमा उठिरहँदा र सन्देहको सुई एमालेको कतिपय नेता र नेतृत्वतिर तेर्सिंदा पनि बैठक औपचारिकतामै सीमित भयो । र, भन्यो, 'निष्पक्ष छानबिन होस् । दोषी नउम्किऊन्, निर्दोष नफसून् ।'

तीन दिन चलेको बैठकमा विभिन्न आठ समूह बनाएर छलफल भयो तर सहभागीहरूले समयको पाबन्दीका कारण आफ्ना कुरा राख्नै पाएनन् । बैठकले पनि त्यस्तै महत्वपूर्ण कुनै निर्णय गरेन, जसलाई सुनेर आम जनतामा आशावादी बनून् । एक जना एमाले नेता नै प्रश्न गर्छन्, 'एमाले बैठक अहिले जन्मिएको निराशा चिर्न सफल भयो ? राजनीतिक अस्थिरता बढेको, संघीयतामाथि प्रश्न उठेर राजा नै ठीक भन्ने भाष्य निर्माण हुँदै गरेका बेला के त्यो चिर्न बैठक सफल भयो ?'

एमालेमा विभिन्न मुद्दामा घनीभूत छलफल गर्ने परम्परा थियो । नेतृत्वमाथि प्रश्न उठ्ने, त्यसको आलोचना हुने, आत्मालोचना हुने गर्थ्यो । कुनै समय यस्तो थियो, आफूलाई लोकतन्त्रको पर्याय ठान्ने कांग्रेसलाई पनि एमालेको आन्तरिक लोकतन्त्रले गिज्याउँथ्यो । तर, अहिले एमालेमा आलोचनात्मक चेत मद्रेगएको छ । आफू एमालेको सर्वेसर्वा भएपछि ओलीले आफ्नो विपक्षमा खडा भएका समूह र व्यक्तिलाई पाखा लगाउँदै वैधानिक रूपमै पार्टी कब्जा गरे । उनीमाथि औंला उठाउने ताकत कसैमा रहेन । अहिले एमालेमा एक जना नेता मात्रै बोल्छन्, अरू सबै मौनव्रतीझैं हुन्छन् । सबैलाई नेता रिसाउलान् भन्ने डर छ । ओलीको छत्रछायाबाहिर पुगे राजनीतिक भविष्य समाप्त होला भन्ने भयले ग्रस्त छ नेतृत्व पंक्ति । कतिलाई विरासत प्राप्त गर्ने लालसा पनि होला ।

एमाले एकातिर सत्ता र शक्तिको अभ्यासमा सीमित हुँदै गएको छ, अर्कातर्फ दोस्रो-तेस्रो पुस्तामा राजनीति पुनर्गठन गर्ने आँट र योग्यताको अभाव छ । कुनै बेला सामूहिक नेतृत्वमा चलेको एमालेले शक्तिमुखी-व्यक्तिमुखी हुँदै जाँदा दिन-प्रतिदिन राजनीतिक जमिन गुमाउँदै छ । रुमानी क्रान्तिकारिताबाट उदाएर मध्यपन्थी बाटो लिँदै कहिले ढुलमुलिँदै बढेको एमाले अब दक्षिणपन्थी भासमा फस्दै गएको छ । जनवादी केन्द्रीयतालाई पोलेर खाएको पार्टीपंक्तिमा वैचारिक राजनीतिमा यो तहको स्खलन भएपछि पार्टी कसरी गतिशील हुन्छ ? गतिहीन पार्टीपंक्ति नुन खाएको कुखुरा जस्तै हुने हो । जुझारु र जोसिलो पार्टीपंक्तिलाई नुन खाएको कुखुराको हविगतमा पुऱ्याउन कतै मूल नेतृत्व नै जिम्मेवार त छैन ? ओलीले आत्ममन्थन गर्लान् ? *(साभार: ई-कान्तिपुर)*

# साढे २८ लाख परिवारलाई ११ अर्बको बिजुली नि:शुल्क बाँड्दै सरकार

काठमाडौं/सरकारले नीति तथ कार्यक्रममार्फत विपन्न वर्गलाई मासिक रूपमा हिउँदमा ३० र बर्खायाममा ५० युनिटसम्म नि:शुल्क विद्युत उपलब्ध गराउने घोषणा गरेको छ । यो घोषणाले हिउँदयाममा २८ लाख ५० हजार र बर्खामा २८ लाख २५ हजार उपभोक्ताले नि:शुल्क बिजुली पाउने देखिएको नेपाल विद्युत प्राधिकरणका अधिकारीहरू बताउँछन् ।




अहिले २० युनिटसम्म विद्युत खपत गरेर नि:शुल्क बिजुली बाल्नेको संख्या मासिक करिब १५ लाख २५ हजार छ । मासिक करिब १ करोड २० लाख युनिट खपत गर्ने उनीहरूले प्राधिकरणबाट वार्षिक करिब १ अर्ब ८० करोड बराबरको नि:शुल्क बिजुली बालिरहेका छन् । सरकारको घोषणा कार्यान्वयन गर्दा नि:शुल्क बिजुलीको मूल्य ११ अर्ब नाघ्ने प्राधिकरणको हिसाब छ ।

बर्खायाममा उत्पादन हुने करिब २७०० मेगावाट बिजुलीमध्ये आधा मात्र खपत हुने भएकाले उद्योगलाई पनि सहुलियत दिने भनिएको छ । विद्युत महसुलमा सहुलियत दिने अन्य कार्यक्रम पनि आउँदा ठूलो आर्थिक भार सिर्जना हुने अधिकारीहरू बताउँछन् ।

**कसले व्यहोर्छ ११ अर्ब ?**

नेपाल विद्युत प्राधिकरणको तथ्यांकअनुसार बर्खायाममा साउनमा सबभन्दा कम २३ लाख ५० हजार र कात्तिकमा सबभन्दा धेरै २८ लाख २५ हजार ग्राहकले ५० युनिटसम्म बिजुली खपत गर्ने गरेका छन् । यसरी हेर्दा बर्खायामको ६ महिना जेठदेखि कात्तिकसम्म करिब ७५० गिगावाट आवर बिजुली खपत हुन्छ ।

मंसिरदेखि वैशाखसम्म ३० युनिटसम्म उपभोग गर्नेको संख्या महिनाअनुसार फरक-फरक छ । मंसिरमा सबभन्दा कम २६ लाख र फागुनमा सबभन्दा धेरै २८ लाख ५० हजार पुग्छ । यसअनुसार हिउँदमा ४८० गिगावाट आवर विद्युत खपत हुन्छ ।

यसरी हेर्दा वर्षभरिमा करिब १२३० गिगावाट आवर बिजुली नि:शुल्क वितरण गर्नुपर्ने देखिन्छ । अहिले प्रतियुनिट बिजुलीको औसत उपभोक्ता मूल्य ९ रुपैयाँ ६० पैसाको हिसाबले ११ अर्बभन्दा बढी मूल्यको बिजुली नि:शुल्क दिनुपर्ने हुन्छ ।

हिउँदयाममा नि:शुल्क दिइने विद्युतमा अझै दुई वर्ष भारतबाट आयातित आधा परिमाणको बिजुली पनि पर्ने अवस्था छ । त्यसैले आफ्नै स्रोतबाट वर्षमा यति ठूलो रकमको बिजुली नि:शुल्क दिन नसक्नेमा विद्युत प्राधिकरण स्पष्ट छ ।

आगामी ५ वर्षमा ४ खर्ब लगानी गर्ने योजना बनाएर अघि बढेको विद्युत प्राधिकरण लोकप्रिय बन्ने होडबाजीमा प्रयोग हुननसक्ने अधिकारीहरू बताउँछन् । 'हामी ठूला परियोजनाको निर्माण र वितरण तथा प्रसारण प्रणालीको सुदृढीकरणको अनिवार्य दायित्व बोकेर बसेका छौं' प्राधिकरणका एक अधिकारी भन्छन्, 'अर्थ मन्त्रालयले यसको शोधभर्ना गर्दैन भने यस्तो सुविधा दिन सकिन्न ।'

उनीहरूका अनुसार २० युनिटसम्म विद्युत नि:शुल्क गरेकै कारण वर्षमा २ अर्बको भार कायम छ । दुई वर्षदेखि जारी यो छुटको अर्थ मन्त्रालयले शोधभर्ना दिएको छैन । त्यसका बाबजुद यो कार्यक्रम विपन्न वर्ग लक्षित भएको र भार पनि थेग्न सकिने देखिएकाले जसोतसो स्वीकार गरेको भन्दै प्राधिकरणका अधिकारीहरू अब भने थप नि:शुल्क बिजुली दिन नसकिने बताउँछन् ।

५० युनिट खपत गर्ने उपभोक्ता निम्न मध्यम र मध्यम वर्गका बढी हुने भएकाले नोक्सानी सहेर नि:शुल्क बिजुली दिन नसकिने अधिकारीहरू बताउँछन् ।

'आयोजनाहरूबाट उत्पादित बिजुली किन्न नसके क्षतिपूर्ति तिर्नुपर्ने गरी भएको विद्युत खरिद सम्झौता, देशभित्रको कमजोर बिजुली खपत, कमजोर विद्युत पूर्वाधार, अन्तर्राष्ट्रिय बजारको अनिश्चितताका कारण प्राधिकरण ठूलो वित्तीय जोखिम बोकेर बसेको छ, २० अर्ब डेडिकेटेड बिजुलीको महसुल उठाउन राजनीतिक नेतृत्व नै बाधक भएर बसेको छ' प्राधिकरणका एक उपकार्यकारी निर्देशक भन्छन्, 'अब वर्षमै ११ अर्बको भार थपिदिए बल्लतल्ल ऊर्जा संकट निवारण गर्न ठूला आयोजना बनाउन थाल्ने गरी जुर्मुराएको प्राधिकरण फेरि थला बस्छ, अहिले जनताले पाएको सुविधा गुम्छ ।'

**लोकप्रिय कार्यक्रम**

तत्कालीन ऊर्जामन्त्री पम्फा भुसालले साउन २०७८ मा २० युनिटसम्म बिजुली नि:शुल्क घोषणा गरेकी थिइन् । मंसिर २०७९ को चुनावमा राजनीतिक दलहरूले नि:शुल्क बिजुलीलाई चुनावी मुद्दा नै बनाउने प्रयास गरे । नेकपा एमालेले बर्खायाममा महिनामा ५० र हिउँदमा ३० युनिट बिजुली नि:शुल्क दिने भनेको थियो भने नेपाली कांग्रेसले वर्षभर महिनामा ५० युनिट बिजुली नि:शुल्क दिने घोषणा गरेको थियो ।

माओवादी केन्द्रले मासिक ३० युनिटसम्म नि:शुल्क दिने र सिंचाइका लागि प्रयोग हुने बिजुली नि:शुल्क गर्ने घोषणा गरेको थियो । एकीकृत समाजवादीले त महिनामा २०० युनिटसम्म बिजुली नि:शुल्क दिने बाचा गरेको थियो ।

प्रचण्ड नेतृत्वको सरकारले अहिले बर्खायाममा महिनामा ५० र हिउँदमा ३० युनिट बिजुली नि:शुल्क घोषणा गर्‍यो । पूर्व ऊर्जा सचिव शीतलबाबु रेग्मी ५० युनिटसम्म नि:शुल्क बिजुली दिने घोषणा लोकप्रियताका लागि ल्याइएको कार्यक्रम मान्छन् । नागरिकलाई पैसाबाट लाभ दिन सकिए सहजै लोकप्रिय बनिने भएकाले यस्ता कार्यक्रमहरूको प्रयोग हुने गरेको रेग्मीको भनाइ छ ।

नि:शुल्क बिजुली अब 'वृद्धभत्ता' जस्तै बन्ने जोखिम छ । २०५१ मा एमाले नेतृत्वको सरकारले १०० रुपैयाँबाट सुरु भएको वृद्धभत्ता अहिले ४ हजार पुगेको छ, र दलहरूबीच 'वृद्धभत्ता' बढाउने मात्र होइन, उमेर नै घटाउने होड देखिन्छ । पछिल्ला वर्षहरूमा ऊर्जा मन्त्रालय लिने गरेको माओवादी केन्द्रले भने नि:शुल्क बिजुलीलाई आफ्नो लोकप्रिय कार्यक्रम बनाउन खोजेको देखिन्छ ।

'बिजुली सित्तैंमा दिंदा दलहरूको लोकप्रियतामा कति फरक पार्छ पत्तो छैन, तर समाजवादी व्यवस्थाका नाममा सित्तैंमा सुविधा दिंदा देशलाई पटक्कै फाइदा गर्दैन' विकसित देशमा पनि सित्तैंमा बिजुली नदिने भन्दै पूर्व ऊर्जा सचिव रेग्मी भन्छन्, 'यसले भविष्यमा बिजुलीको बिल घटाउने लोभमा विकृति मौलाउन सक्छ ।

'परिवारमा भिन्नै बसेको देखाएर सुविधा दुरुपयोग गर्नेदेखि घर धनीले कोठामा बस्नेको नाम देखाएर अर्को मिटर लिएर चलाउनेसम्मको विकृति मौलाउन सक्छ ।'

अर्का पूर्व ऊर्जासचिव अनुपकुमार उपाध्याय नि:शुल्क बिजुलीको उपभोक्ता कुन वर्गका ग्राहक हुन् ? उनीहरूले पाएको नि:शुल्क बिजुलीमा खर्च भएको पैसा कुन वर्गका उपभोक्ताबाट असुल्ने हो वा करदाताको पैसा नै खर्च हुने हो भन्ने स्पष्ट हुनुपर्ने मत राख्छन् । 'उत्पादक र वितरकले हानिनोक्सानी व्यहोर्ने अवस्था बन्नुहुँदैन, नियमनकारी निकायले यो क्षेत्रको स्थायित्व र प्रगतिका लागि नीति बनाउने हो' उनी भन्छन्, 'महसुलको विषय पूर्ण रूपमा नियमन आयोगको क्षेत्राधिकार हो, सरकारी नीतिले विद्युत क्षेत्रलाई हानि पुग्नु हुँदैन ।'

विद्युत खपत बढाउने र सित्तैंमा बिजुली बाँड्ने नीति एकापसमा मेल नखाइरहेको उनले बताए । जति बढी बिजुली खपत हुन्छ, उति सस्तोदर मा दिने नीति लिनुपर्ने भन्दै उनले भने, '२० युनिटसम्म नि:शुल्क बिजुलीले विपन्न वर्गलाई सम्बोधन भइसकेको हो । त्यसभन्दा माथिको वर्गलाई बढीभन्दा बढी बिजुली खपत गराउन मन लाग्ने गरी आकर्षक महसुल तोक्नुपर्छ ।'

विद्युत प्राधिकरणका एक पूर्व अधिकारी पनि २० युनिटभन्दा बढी उपभोग गर्ने निम्न मध्यम र मध्यम वर्गका परिवारहरूलाई नै केन्द्रित गरेर विद्युत खपत वृद्धिका योजना ल्याउनुपर्नेमा छुटको घोषणा गरेर जोखिम मोलिएको बताउँछन् ।

'५० युनिटसम्म बाल्दा पैसा लाग्दैन भनेपछि त्यही परिमाणमा बिजुली उपभोग गर्ने प्रयास गर्छन्' उनी भन्छन्, 'कसैले ५० युनिट बाल्दा सित्तैंमा पाउने, तर थप १ युनिट बिजुली बाल्दा पूरै ५१ वा २०१ युनिटको नै पैसा तिर्नुपर्ने अवस्था हुन्छ, यसले विद्युत खपत गर्ने मामिलामा मान्छेलाई कञ्जुस बनाइदिन्छ ।'

सरकारले प्राधिकरणलाई अनुदान दिएर महसुल घटाउनु चाहिं प्रगतिशील हुने उनको तर्क छ । 'अहिले सरकारबाट ऋण लिएर विद्युत प्राधिकरणले पूर्वाधारमा लगानी गरि रहेको छ । पूर्वाधारमा गर्ने लगानीका लागि सरकारले अनुदान सुनिश्चित गरिदिने हो भने प्राधिकरणले महसुल घटाउन सक्छ' ती अधिकारी भन्छन्, 'महसुल घटायौं भने उद्योगदेखि घर सम्म खपत दर बढ्छ, सबैलाई लाभ मिल्छ ।'

पूर्व ऊर्जासचिव रेग्मी पनि नि:शुल्क बिजुली वितरण गर्नुको साटो महसुलदर समायोजन गरी बर्खायाममा कम गर्न सके राम्रो हुने बताउँछन् । त्यसले विद्युत खपत बढाउन सहयोग पनि गर्ने र सबै उपभोक्ताहरूले न्यायोचित लाभ पनि पाउने उनको मत छ ।

ऊर्जामन्त्री हुँदा २० युनिटसम्म नि:शुल्क गर्ने निर्णय गरेकी माओवादी उपमहासचिव पम्फा भुसाल भने सरकारको घोषणा जनतालाई राहत दिने प्रयास भएको बताउँछिन् । 'एकथरी मान्छेलाई जनतालाई दिएको मनै पर्दैन, उनीहरू विरोध गरिरहेछन्' उनले भनिन्, 'जनतालाई राहत दिने कोणबाट यो एकदम ठीक छ ।'

५० युनिटले बत्ती बाल्न, मोबाइल चार्ज गर्न तथा रेडियो, टीभीसम्म चलाउन मात्र पुग्ने भन्दै उनले भनिन्, '५० युनिट नकटाउने भनेर कसैले पनि फ्रिज, माइक्रोओभन चलाउन छोड्दैन । त्यसैले उपभोग घट्छ भन्ने तर्क बेकार हो ।'

भुसालले अबको केही वर्षमै २०० युनिटसम्म बिजुली नि:शुल्क गर्न सकिने बताउँछन् । विदेशी कम्पनीहरूको लगानीमा बनेका जलविद्युत आयोजनाहरू २५ वर्षमा पूर्ण रूपमा सरकारको स्वामित्वमा आउने र त्यो बेला सञ्चालन खर्च प्रतियुनिट एक रुपैयाँ हाराहारी मात्र हुने भन्दै उनले भनिन्, 'त्यो बेलामा हामी २०० युनिटसम्म बिजुली नि:शुल्क गर्न सक्ने अवस्थामा हुन्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# 'परस्त्री'को हिन्दी गीत अमित, सोनल र कुणालले गाउने

काठमाडौं/फिल्म 'प्रेमगीत ३' हिन्दी भाषामा डब भएर भारतका हलमा प्रदर्शन भएपछि नेपाली फिल्ममा हिन्दी डबको ट्रेन्ड नै सुरु भएको छ । यो बीचमा धेरै नेपाली फिल्म हिन्दीमा डब भैसकेका छन् । यसैक्रममा, आगामी असार १५ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'परस्त्री'लाई पनि हिन्दीमा डब गरेर भारतमा प्रदर्शन गरिँदैछ । अहिले भारतको एक स्टुडियोमा हिन्दी डबको काम भैरहेको छ ।




यसबीच, फिल्मको हिन्दी संस्करणको गीतका लागि भारतका चर्चित तीनजना गायक/गायिकालाई अनुबन्धित गरिएको छ । अमित मिश्र, सोनल प्रधान र कुणाल गाञ्जावालाले फिल्मको हिन्दी गीत गाउने निर्माण टिमले जानकारी गराएको छ । अमितले 'रांझन दे यार बुल्लेया', 'फकिरा', 'गलती से मिस्टेक', 'डिंग डङ', 'मजबूर तू भी कहीँ', 'रेडियो' जस्ता चर्चित हिन्दी गीतहरु गाइसकेका छन् ।

कुणालले पनि धेरै लोकप्रिय गीत गाएका छन् । फिल्म 'मर्डर'मा समावेश 'भीगे होंठ तेरे' उनको करिअरकै सबैभन्दा चर्चित गीत हो । 'मौला मौला रे', 'आया रे', 'तेरे बिन', 'जब कभी', 'पिया', 'सलाम-ए-इश्क', 'सौ ग्राम जिन्दगी' गीतहरु पनि उनका निकै चर्चित छन् । त्यस्तै, सोनल प्रधानको 'मौसम', 'फिर से', 'बिंदी', 'सुन रे जरा' जस्ता गीत चर्चित छन् । उनी गीतकार तथा संगीतकार पनि हुन् ।

सुरज पाण्डेको निर्देशनमा बनेको फिल्ममा शिल्पा मास्के, कोशिश क्षेत्री, गौरव बिष्ट, अलिसा क्षेत्री, अशान्त शर्मा आदिको अभिनय छ । डिएस डिजिटलको ब्यानरमा निर्माण भएको फिल्मको कथा दीपेन्द्र के. खनालले लेखेका हुन् । शर्मिला पाण्डे निर्माता रहेको फिल्मका छायांकन निरज पाण्डे हुन् । केही दिनअघि शिल्पालाई बोल्ड अवतारमा प्रस्तुत गर्दै पोस्टर सार्वजनिक गरिएको थियो ।

# अब फिल्ममा भिन्न तरिकाले प्रस्तुत हुन्छु : आकाश श्रेष्ठ

काठमाडौं/युवापुस्तामा राम्रो क्रेज भएका अभिनेता आकाश श्रेष्ठले लभर ब्वाईको छवि बनाएका छन् । डेब्यू फिल्म 'म त तिम्रै हुँ'देखि नै उनी रोमान्टिक क्यारेक्टरमा जकडिएका छन् । एकैखाले क्यारेक्टर करिअरका लागि हानिकारक मानिन्छ । तर, कलाकारले चाहेर मात्र फरक क्यारेक्टर गर्न सम्भव छैन । यो मेकरले चाहनु पर्छ । कलाकार भनेका त काँचो माटो हुन्, जुन आकार पनि दिन सकिन्छ ।



आकाशलाई पनि लभर ब्वाईको छविबाट मुक्ति पाउनु छ । उनी यस्तो फिल्मको पखाईमा छन्, जसले यो छवि भत्काउन सकोस् । फरक क्यारेक्टरमा आफूलाई प्रमाणित गर्न सक्ने उनमा आत्मविश्वास छ । विगत दुई वर्षदेखि उनले नयाँ फिल्म सम्झौता नगर्नुको कारण पनि फरक क्यारेक्टरमा काम गर्ने लोभकै पखाई हो । सम्भवत: यस वर्ष आकाशले क्यारेक्टरमा 'सरप्राइज' दिन सक्छन् ।

'मान्छे भएपछि समय अनुसार चल्नुपर्छ । म पनि अलि फरक क्यारेक्टर गरौं भन्ने सोचमा छु । अब आउने फिल्ममा भिन्न तरिकाले प्रस्तुत हुन सक्छु । मैले फिल्म गर्न समय लिनुको कारण पनि यही नै हो,' आकाश भन्छन्, 'हामीले गर्ने काम दर्शकलाई स्वभाविक लाग्नुपर्छ भन्नेमा सचेत छु । मैले फरक चरित्र गर्दा त्यसलाई न्याय गर्न सक्नुपर्छ । म अहिले यही कुरामा वर्कआउट गरिरहेको छु ।'

गत वर्ष उनका दुई फिल्म 'सम्हालिन्छ कहिले मन' र 'सम्झना विर्सना' प्रदर्शनमा आएका थिए । दुवै कोभिडअघिका फिल्म हुन् । अर्थात् उनले नयाँ फिल्ममा काम नगरेको २ वर्ष भैसकेको छ । उनले केही फिल्मको टिमसँग छलफल भैरहेको बताउँदै चाँडै नयाँ फिल्ममा जोडिन सक्ने बताए । 'दुई/तीनवटा फिल्मको स्क्रिप्टमा काम भैरहेको छ । यो वर्ष एउटा फिल्म रिलिज हुन्छ,' उनले भने ।

उनी फिल्म निर्माणको तयारीमा रहेको चर्चा पनि चलिरहेको छ । यसबारेमा उनी भन्छन्, 'अहिले देश आर्थिक मन्दीसँग जुधिरहेको छ । यो अवस्थामा कसरी फिल्म बनाउन सकिन्छ र ! तुरुन्तै फिल्म निर्माण त नगरिएला । तर, भविष्यमा चाहिँ बनाउँछु । १/२ वर्षपछि फिल्म निर्माणको विषयमा सोच्नु पर्ला ।' आकाशले करिअरको ७ वर्षमा आधा दर्जन बढी फिल्ममा काम गरिसकेका छन् ।

# 'दिमाग खराब'को मुहूर्त, ६ वर्षपछि एक्सन-कटमा निश्चल

काठमाडौं/सन् २०१७ मा आएको फिल्म 'लुट २'पछि निर्देशनबाट टाढा रहेका निश्चल बस्नेत फिल्म 'दिमाग खराब'बाट ६ वर्षपछि निर्देशनमा फर्किएका छन् । सोमबार काठमाडौंको बुढानिलकण्ठ मन्दिरमा फिल्मको मुहूर्त गर्दै उनले काभ्रेबाट छायांकन सुरु गरेका छन् । ३५ दिनको सेड्युल राखिएको फिल्म जनता र शक्तिको कथामा बन्नेछ । फिल्म आगामी कात्तिक २४ गतेबाट प्रदर्शनमा आउनेछ । आकाश बरालको पटकथा लेखन रहेको फिल्ममा कलाकारको 'लाइनअप' बलियो छ । फिल्ममा खगेन्द्र लामिछाने, दयाहाङ राई, अर्पण थापा, स्वस्तिमा खड्का र विजय बराल मुख्य भूमिकामा छन् । स्वस्तिमाले पहिलो पटक श्रीमान् निश्चल बस्नेतको निर्देशनमा काम गर्न लागेकी हुन् । उनीहरुले आधा दर्जन बढी म्यूजिक भिडियो र फिल्म 'घामड शेरे'मा भने एकसाथ अभिनय गरेका छन् । ब्ल्याक हर्स पिक्चर्स र सिनेमा आर्टस्को ब्यानरमा निर्माण हुने फिल्ममा निमेष श्रेष्ठको सम्पादन, सुसन प्रजापतिको छायांकन, जयन के वाइवा र कालीप्रसाद बाँस्कोटाको संगीत रहनेछ । फिल्मको निर्मातामा रौनक विक्रम कँडेल र कार्यकारी निर्मातामा सुरज बम ठकुरी छन् । 'लुट'बाट नेपाली फिल्ममा कथा भन्ने शैली नै बदलेका निश्चलको 'दिमाग खराब'लाई लिएर दर्शकमा ठूलो अपेक्षा छ ।

# एमसीसीको प्रसारणलाइन ठेक्कामा एउटै चिनियाँ कम्पनी आएनन्

काठमाडौं/अमेरिकी सरकारको अनुदानको परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजना अन्तर्गत नेपालमा बन्ने प्रसारणलाइन निर्माणका लागि ६ वटा कम्पनीहरुले बोलपत्र पेश गरेका छन् । खुलेको बोलपत्रअनुसार एमसीसीको ठेक्का लिन चिनियाँ कम्पनीले चासो नै दिएनन् । सबै भारतीय कम्पनीहरू एमसीसीको परियोजना हात पार्न प्रतिस्पर्धामा छन् ।

नेपालमा रातमाटे-लप्सीफेदी- हेटौंडा- नयाँ दमौली-नयाँ बुटवल खण्डमा प्रसारणलाइन निर्माणका लागि मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए) नेपालले बोलपत्र आह्वान गरेको थियो । सोमबार बोलपत्रहरू खोलिएको थियो, जसमा भारतका मेघा इन्जिनियरिङ एन्ड इन्फ्रास्ट्रक्चर लिमिटेड र पावर मेक प्रोजेक्ट्स लिमिटेडले संयुक्त रूपमा बोलपत्र पेश गरेका छन् । यस्तै भारतीय कल्पतरू पावर ट्रान्समिसन लिमिटेड, केईसी इन्टरनेशनल लिमिटेड, ट्रान्सरेल लाइटिङ लिमिटेड, टाटा प्रोजेक्ट्स लिमिटेड र लार्सन एण्ड टर्बो लिमिटेडबाट पनि बोलपत्रहरु प्राप्त भएको एमसीए नेपालले जनाएको छ । बोलपत्रबारेको निर्णय भने वेबसाइटमा प्रकाशित गरिने जनाइएको छ । ठेक्कामा चिनियाँ कम्पनीहरूको किन बोलपत्र परेन भन्ने स्पष्ट भएको छैन ।

सस्तो मूल्यमा काम गर्ने मानिएका चिनियाँहरूको नेपालको प्रसारणलाइनको ठेक्कामा वर्चस्व छ । तर, एमसीसीको ठेक्कामा चिनियाँ कम्पनीहरू नै प्रतिस्पर्धामा नै नआउनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । यसले अमेरिकी लगानीको परियोजनामा चिनियाँहरू सहभागी हुन नचाहेको स्पष्ट गरेको छ ।

प्रसारणलाइन निर्माणका लागि बोलपत्र लिइसक्दा पनि परियोजनाको पूर्वतयारीको काममा चरम ढिलाइ भइरहेकोछ । पूर्वतयारीलाई गति नदिई ढिलाइकै बीच आयोजना कार्यान्वयन गर्ने एमसीए नेपालको तयारी छ ।

प्रसारणलाइन बन्ने १० वटा जिल्लाका ३० वटा गाउँपालिका तथा नगरपालिका (९२ वटा वडाहरु) भएर जाने प्रस्तावित प्रसारणलाइन बन्ने क्षेत्रको तार र टावर रहने जग्गा अधिग्रहण गर्नुपर्ने हुन्छ । एमसीए नेपालका अनुसार अहिले जग्गा अधिग्रहणका लागि १० मध्ये ९ वटा जिल्लामा मात्रै प्रारम्भिक सूचनाहरु प्रकाशन भएका छन् ।

प्रभावित क्षेत्रको जग्गाको मुआब्जा निर्धारण, वितरण, पुनर्बास र वन क्षेत्रको रुख कटान मुख्य काम हो । यी काम नसकी आयोजना निर्माणको काम अघि बढ्न कठिन हुन्छ । अहिलेसम्म जग्गाको मुआब्जा निर्धारण गर्ने अधिग्रहण गर्ने अन्तिम सूचना निकाल्ने काम भएको छैन ।

प्राविधिकहरुका अनुसार एउटा टावरको लागि करिब एक रोपनी जग्गा अधिग्रहण गर्नुपर्छ । आयोजनामा कुल ८५६ टावरमध्ये आधाजसो सरकारी र सार्वजनिकमा पर्छ भने आधाजसो निजी जमिनमा राख्नुपर्ने अनुमान छ । विद्युत प्राधिकरणको अभ्यासअनुसार तारको मुनि रहने जमिन (दायाँ-बायाँ २३-२३ मिटर)को क्षतिपूर्ति मूल्यांकनको १० देखि २५ प्रतिशतसम्म मात्रै दिने योजना छ । त्यसमा स्थानीय बासिन्दालाई मनाउन सकस छ । झन् एमसीसी परियोजनाबारे सर्वसाधारणमा रहेको नकारात्मक धारणाले चुनौती बढाएको छ ।

त्यसबाहेक रुख कटान लगायतका कामका प्रक्रियाहरु पुरा गर्न बाँकी नै छ । आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (ईआईए) अनुसार रुख गणनाको काम बाँकी छ । १६ वैशाख, २०७८ मा नै वन तथा वातावरण मन्त्रालयले एमसीसी अन्तर्गत बन्ने विद्युत प्रसारण आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गरेको थियो ।

रुख गणना गरेर पहिचान गर्दै त्यसमा टाँचा लगाउने काम अझै सुरु भएको छैन । करिब २ लाख १७ हजार वटा रुख-बुटान कटान गर्नुपर्ने अनुमान छ । रुख गणनापछि मन्त्रिपरिषद्ले । वन क्षेत्र प्रयोगको अनुमति दिने निर्णय गर्नुपर्छ ।

त्यसपछि मात्रै रुख कटान सुरु हुन्छ । केही सामुदायिक र कबुलियती वन परेको र त्यहाँका रूख निर्माण कार्य प्रारम्भ गर्नुपूर्व नै कटान गरिसक्नुपर्ने अवस्था छ । काटिने रुखको सट्टामा बिरुवाहरु रोप्न र हुर्काउन पनि बोलपत्र आह्वान गरेर जिम्मा दिनुपर्ने हुन्छ । त्यसमाथि प्रसारणलाइनको ३० किमि प्रसारण लाइन खण्डको पुन: सर्भेको काम समेत सक्न बाँकी छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

**"तपाई हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com


एथलेटिक्सको डिस्कस थ्रोमा पहिलो भएका रामकुमार माझी ।


करातेमा पहिलो भएकी देशार ।


पुरुष फुटबलमा प्रतिस्पर्धा गर्दै नुवाकोट र सिन्धुपाल्चोक (नीलो) का खेलाडी ।


तेक्वान्दोमा प्रतिस्पर्धा गर्दै खेलाडी

# सशस्त्र प्रहरीद्वारा विपद सम्बन्धी डेमो प्रर्दशन

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/विपदबाट हुन सक्ने क्षतिको न्यूनीकरणको लागि पूर्वतयारीस्वरुप सशस्त्र प्रहरी वल नेपाल नम्बर १४ गण मकवानपुर द्वारा डेमो प्रर्दशन गरिएको छ ।

हेटौंडा-११, स्थित राप्तीखोलामा रहेको झोलुङ्गे पुल मुनि विपद्ले पुऱ्याउने क्षतिलाई न्यूनीकरण गर्न सकिने उपायका लागि जल विपद उद्दार सम्बन्धी अभ्यासहरु प्रस्तुत गरिएको थियो । प्रकोप पश्चात उद्दार सुरक्षकर्मीको भूमिका कस्तो रहने र सूचना प्रवाहमा कसरी ध्यान दिने भन्ने कुरा सशस्त्र प्रहरीहरुद्वारा अभ्यास प्रस्तुत गरिएको थियो । अभ्यास पश्चात कार्यक्रमलाई सम्बोधन गर्दै हेटौंडा उपमहानगर पालिकाकी मेयर मीनाकुमारी लामाले विपद्को बेलामा हतोत्साहित नभई स्थानीय श्रोतसाधनको सही तरिकाले उपभोग गर्न सकेमा आफू सुरक्षित रहनुका साथै समुदायका अन्य व्यक्तिलाई पनि सुरक्षित पार्न सकिने सन्देश दिन यस्ता अभ्यासहरुले चेतना फैलाउने बताइन् ।

उनले विपदबाट बचाउने प्राविधिक सामग्रीहरु खरिदका लागि उपमहानगरले थालनी गरिसकेको बताउँदै विपद् आउनुपूर्व नै यसबाट सचेत रहन नागरिकलाई आग्रह गरिन् । सशस्त्र प्रहरी बलले हेटौंडामा विभिन्न समयमा आइपरेका विपदका घट्नामा खेलेको भूमिकाबारे प्रशंसा गर्दै उपमहानगर हरेक कार्यमा सहयोग गर्न तयारी रहेको बताएकी छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव धुर्व गैंडाले सशस्त्र प्रहरीद्वारा सचेतनाका लागि विपदबाट बच्न देखाएको प्रत्यक्ष अभ्यासले पनि जनधन क्षति हुनबाट कम हुने बताए ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले विपदका बेला सबैभन्दा पहिला मानवीय क्षतिबाट बच्ने उपायहरु अबलम्बन गर्न यस्ता अभ्यासहरुले सहयोग पुग्ने बताए । जोखिमका बेला आत्तिएर भन्दा पनि आफैं चनाखो भएर सुरक्षा निकायको सहयोग लिनतर्फ लाग्न उनले जोड दिएका छन् । कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नम्बर १४ गण हेडक्वाटर मकवानपुरका गणपति अनिल कार्कीले सशस्त्र प्रहरी बल नेपालको स्थापनाकालदेखि नै विभिन्न किसिमका प्रकोपहरु भुकम्प, सडक दुर्घटना, बाढीपहिरो, आगलागी जस्ता मानवीय तथा प्रकृतिक प्रकोपहरुमा उद्दारकार्य तथा जोखिम न्यूनीकरणका लागि काम गर्दै आएको बताए ।

नेपालमा वर्षेनी जल उत्पन्न प्रकोपकै कारण धेरै जनधनको क्षति हुने गरेको बताउँदै गणपती कार्कीले कुनै पनि विपद् र विपद्सँग सम्बन्धित जनचेतना अभिवृद्धि तथा विपद् पश्चात तत्काल उद्दारकार्य गर्न सक्षम, कुशल एवं तालिम प्राप्त दक्ष जनशक्ति उत्पादनका साथ साथै विभिन्न किसिमका प्रकोपका घटनाबाट जनधनको क्षतिबाट बचाउन सचेतना सहित यो कार्यक्रमको आयोजना गरिएको बताए । अभ्यासमा उद्दारकहरुले पानी जन्य विपद्बाट बचनको लागि स्थानीयस्तरमा प्राप्त हुने स्रोत साधनवाट विभिन्न उपकरणहरु तयार पारी प्रदर्शन गरेका थिए । विपदबाट बच्न प्लाष्टिकको बोतललाई मालामा जोडेर कम्मरमा बाँधी पानीमा सजिलैसँग तैरिन सकिने, केराको थामलाई काठ तथा डोरीको सहायताले एक अर्कामा जोडेर प्रयोग गर्न सकिने, घरमा रहेको म्याट्रेसलाई सही तरिकाले प्रयोग गरी नदी तथा तलाउमा पौडीकला नभएका व्यक्तिहरु पनि सजिलैसँग पानीमा तैरिन सकिने लगायतका प्रयोगहरु देखाइएको थियो ।

कार्यक्रममा नेपाली सेना गोरखबहादुर गणका गणपति गोविन्दराज घिमिरे, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक वामदेव गौतम, राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय मकवानपुरका उपअनुसन्धान निर्देशक पप्पू शर्मा पौडेल, विभिन्न वडाका वडा अध्यक्षहरु, विभिन्न संघसंस्था, क्लब तथा टोल विकास संस्थाका प्रतिनिधि लागायतको उपस्थिति रहेको थियो ।

# चिट्ठा विधेयक: कालो धनलाई...

नेपालको सम्पत्ति सुद्धीकरण ऐन, २०६४ ले चिट्ठा, जुवा र क्यासिनोको कारोबारलाई पनि सम्पत्ति सुद्धीकरण हुन सक्ने कारोबारमा राखेकाले प्रदेशले ल्याएको विवादास्पद चिट्ठासम्बन्धी विधेयक सम्पत्ति सुद्धीकरण ऐनको प्रतिकूल रहेको दाबी गरिएको छ ।

चिट्ठा विधेयकमा व्यक्तिको उमेर समूह नतोकिएकाले बालबालिका पनि चिट्ठा खेलन सक्ने बाटो खुलाइदिएको छ । विधेयकमा जुनसुकै पदमा रहेर सेवा निवृत्त भएकालाई पनि अनियमित तरिकाबाट कमाएको पैसा चिट्ठा खेलाएर सेतो बनाउन बाटो खुल्ने देखिन्छ ।

'कुनै एक जना सचिव, उपसचिव वा राजनीतिज्ञले अकूत कमाएको पैसालाई वैधानिक बनाउन खोजेमा तत्काल कम्पनी बनाएर चिट्ठा खेलाउन सक्ने देखिन्छ । यसो हुँदा जसले जुनसुकै बेला पनि चिट्ठा खेलाएर अकूत कमाउन सक्ने देखिएको हो', प्रदेशसभा सचिवालय स्रोत भन्छ ।

त्यति मात्र नभई, समय निर्धारण नगरिएकाले कम्पनी खोल्ने बितिक्कै चिट्ठा खेलाउन पाइने व्यवस्था पनि गरिएको छ । यसो हुँदा चिट्ठाको पसल खोलेर व्यापार गरे जस्तो हुने देखिएको विधेयकलाई नजिकबाट नियालिरहेकाहरु बताउँछन् । विधेयकले स्पष्ट उल्लेख नगरेकाले एउटै घरमा जतिवटासम्म पनि कम्पनी खोलेर चिट्ठा खेलाउन सक्ने देखिएको छ । चिट्ठाको मूल्य १ सय रुपैयाँ वा १० लाख रुपैयाँ हुने भन्ने स्पष्ट नभएकाले चिट्ठा खेलाएर जतिसुकै रकम पनि देखाउन सकिने भएको छ ।

प्रदेशसभामा विधेयकमाथि समितिमा दफावार छलफल नै नगरी फास्टट्र्याकमा विधेयक पारित गरी प्रदेश प्रमुख कार्यालयमा पुऱ्याइएको थियो । भागवण्डा नमिल्दा प्रदेशसभामा हालसम्म प्रदेशसभा समितिहरु गठन नै हुन सकेका छैनन् । समिति नभएको मौकामा चिट्ठा विधेयक प्रदेश प्रमुखकोमा पुऱ्याइएको हो । चिट्ठाको व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेशसभामा प्रस्तुत गरेका थिए ।

कानुनमन्त्री श्रेष्ठले प्रस्तुत गरेको चिट्ठाको व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा छलफलमा उठेका प्रश्नको उत्तर दिँदै चिट्ठाको व्यवस्थापन सम्बन्धमा व्यक्तिको सट्टा संस्थालाई चिट्ठा सञ्चालन गर्न अनुमतिपत्र दिन उपयुक्त हुने सदस्यहरुको सुझावलाई कार्यान्वयन गर्ने दृढता व्यक्त गरेका थिए । तर, विधेयकमा कस्तो व्यक्तिले, कति वटासम्म संस्था खोलेर खेलाउन पाउने भन्ने स्पष्ट व्यवस्था गरेको छैन ।

उनले चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्न आवश्यक देखिएको हुँदा समाजमा विकृति र असामाजिक गतिविधिलाई नियन्त्रणमा ल्याउन आवश्यक भएअनुसार सरकारले विभिन्न विशेषज्ञसँग विचारविमर्श गरी ऐनको तर्जुमा गरिएकाले कुनै राजनीतिक दलको स्वार्थका लागि उक्त विधेयक नल्याइएको स्पष्ट पारेका थिए ।

साझाकुरासँग कुरा गर्दै मन्त्री श्रेष्ठले कालो धनलाई सेतो बनाउन खोज्नेलाई रोक्नकै लागि चिट्ठा विधेयक ल्याएर कानुन बनाउन खोजेको दाबी गरे । उनले कालो धनलाई सेतो बनाउन नसक्ने गरी नै कानुनी व्यवस्था विधेयकमा गरिएको बताएका छन् । पुरस्कारको ५० प्रतिशत जिन्सी दिनुपर्ने, २५ प्रतिशत कोषमा राख्नुपर्नेलगायतका व्यवस्था गरेकाले आशंका गर्नुपर्ने ठाउँ नरहेको बताए । मन्त्री श्रेष्ठले समस्या आए विधेयक संशोधन गर्न सकिने सहज जवाफ दिए ।

# मनहरी गाउँपालिकाले एक वर्षको उपलब्धी सार्वजनिक गऱ्यो

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/ मकवानपुरको मनहरी गाउँपालिकाका जनप्रतिनिधिले सोमबार पत्रकार सम्मेलन मार्फत् एकवर्षे कार्यकालको उपलब्धी सार्वजनिक गरेका छन् । गाउँपालिका अध्यक्ष रन्जन कालाखेती र उपाध्यक्ष रेखा पुलामी मगरले एकवर्षे कार्यकालमा भएका उपलब्धी सार्वजनिक गरेका हुन् ।

२०७९ जेठ ५ गते कार्यभार सम्हालेपछि गाउँपालिका मार्फत् भएका भौतिक पूर्वाधार विकास, आर्थिक विकास, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकास, सामाजिक विकास लगायतका क्षेत्रमा गरेका कामको बारेमा जानकारी गराएका हुन् । गाउँपालिका अध्यक्ष कालाखेतीले एकवर्षे अवधिमा लामिटार-चकरी सडक स्तरोन्नती, रुपाचुरी-फरिवाङ सडक स्तरोन्नती, २ नम्बर वडा सडक स्तरोन्नतीलायत सडक पूर्वाधारको विकास भइरहेको बताए । यस अवधिमा मनहरी अस्पतालको भवन निर्माणको कार्यले गति लिइरहेको र पालिकाको केन्द्रीय प्रशासन भवन निर्माणस्थलको जग्गाको भोगाधिकार प्राप्तीको प्रक्रियामा रहेको पनि अध्यक्ष कालाखेतीले बताए ।

मनहरी-३ मा तरकारी फलफूल कृषकलाई लक्षित गरी ४ सय मेट्रिकटन क्षमताको कोल्डस्टोर्स निर्माणको डिपिआर भई बोलपत्र आह्वानको प्रक्रियामा रहेको कालाखेतीले बताए । गाउँपालिकाले यस अवधिमा ७ नम्बर वडाको प्रतापपुरमा कालोपत्रे, वडा नं. ८ र ९ सीमा सडक स्तरोन्नती, डिल्लीपुर सडक स्तरोन्नतीलगायत परियोजना सञ्चालनमा रहेको बताइएको छ । आर्थिक विकासतर्फ वडा नं ६ लाई बाख्रा पकेट क्षेत्र घोषणा गरी साझेदारीमा बाखापालन प्रवर्द्धन कार्यक्रम, महिलालाई विभिन्न सीपमुलक तालिमको व्यवस्था, युवालाई निशुल्क लोकसेवा कक्षा, दूधमा प्रतिलिटर २ रुपैयाँ अनुदानलगायतको कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ ।

वातावरण तथा विपद व्यवस्थापनतर्फ हावाहुरी र आगलागी पीडितलाई राहत उपलब्ध गराउन कार्यविधि संशोधन गरी राहत रकम वृद्धिलगायतका काम गरेको उल्लेख छ । सामाजिक विकासअन्तर्गत प्रत्येक वडाका २०० विपन्न परिवारको निशुल्क स्वास्थ्य बीमा गरिएको, ज्येष्ठ नागरिक समन्वय समिति गठन र सञ्चालनको लागि कार्यविधि तर्जुमा जस्ता कार्यलाई प्रमुख उपलब्धीको रुपमा व्याख्या गरिएको छ ।

गाउँपालिकाका उपाध्यक्ष पुलामीमगरले आफू मातहत भएका कामबारे स्पष्ट पारेकी थिइन् । उनले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गको क्षेत्रमा गरेका कामको बारेमा जानकारी गराएकी थिइन् । साथै बाल सञ्जाल मार्फत् बालहितका कामका साथै बालबिवाह न्यूनीकरणको गतिविधिलाई तिव्रता दिइएको उनले बताइन् ।

# स्वास्थ्य सुधारलाई ध्यानमा राखेर योजना बनाउन निर्देशन




साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले स्वास्थ्य सुधारलाई ध्यानमा राखेर योजना बनाउन निर्देशन दिएका छन् ।

प्रदेश स्वास्थ्य मन्त्रालयको आयोजनामा भएको 'स्वास्थ्य सबै नीतिमा' अवधारणा सम्बन्धी कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै उनले योजना बनाउँदा स्वास्थ्यमा सुधार ल्याउनेलाई प्राथमिकता दिन निर्देशन दिए । जम्कट्टेलले प्रदेशमा निमार्ण भएका नीतिलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए । प्रदेशको स्वास्थ्य क्षेत्रको सुधार सबै मन्त्रालयसँग जोडिएको विषय भएकाले सबै मन्त्रालयले स्वास्थ्य क्षेत्रमा गर्नुपर्ने कार्य समावेश गरेर योजना बनाई 'स्वास्थ्य सबै नीतिमा' अवधारणा अघि बढाउने प्रतिवद्धता व्यक्त गरे । उनले यसलाई आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने बताएका छन् ।

कार्यक्रममा आर्थिक मामिला तथा योजनामन्त्री बहादुर लामा, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा.डा. नरविक्रम थापा, खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयका सचिव मोहन शाक्य, मन्त्रालयका महाशाखा प्रमुख दीपक तिवारीलगायतले मन्तव्य ब्यक्त गरेका थिए । कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्काले प्रदेशमा निर्माण हुने सबै नीतिमा स्वास्थ्यका सामाजिक निर्धार कलाई सम्बोधन गर्न समन्वय गर्ने, प्रदेशस्तरमा हालसम्म निर्माण भएका नीति तथा रणनीतिमा स्वास्थ्यका विषयहरु सम्बद्ध भए नभएको बारेको विश्लेषण प्रस्तुतिकरण गर्ने र प्रदेश स्तरमा निर्माण हुने सबै नीतिमा स्वास्थ्यलाई समेट्न सम्बन्धित मन्त्रालयको प्रतिवद्धता सुनिश्चित गर्ने उद्धेश्यले स्वास्थ्य सबै नीतिमा कार्यान्वयन गर्न लागेको जानकारी दिएका थिए ।

# मकवानपुरगढीमा दूध संकलन बैंक स्थापना



साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/ मकवानपुरगढी गाउँपालिका-३ स्थित श्रमिक साना किसान कृषि सहकारी संस्थाको परिसरमा दूध संकलन बैंक स्थापना गरिएको छ ।

प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाको वार्षिक कार्यक्रमअन्तर्गत स्थानीय कृषकहरुबाट संकलित दूघ तोकिएको तापक्रममा चिसो पारी भण्डारण गरी दूधको गुणस्तर कायम राख्न दूघ संकलन बैंक स्थापना गरिएको हो । ग्रामीण क्षेत्रमा उत्पादित दूध समयमा नै बजार वा चिस्यान केन्द्रमा पुऱ्याउन नसक्दा दूधको गुणस्तरमा ह्रास आउने, कृषकलाई आर्थिक क्षति पुग्ने तथा उपभोक्ताहरु गुणस्तरीय दूधबाट बन्चित हुने कुरालाई मध्यनजर गर्दै बोर्डले सोमबार पाँचसय लिटर क्षमताको चिलिङ भ्याट सहकारी संस्थालाई हस्तान्तरण गरेको हो ।

सहकारी संस्थाले दूधको ढुवानी प्रयोजनको लागि ४० लिटर क्षमताको स्टेनलेस स्टिल क्यान समेत प्राप्त गरेको छ । बोर्डले चालु आवमा प्रदेशका १३ वटै जिल्लामा २५ वटा दुग्ध संकलन बैंकको स्थापना गर्ने कार्यक्रम राखेको छ । यस प्रकारको कार्यक्रममा ग्रामीण भेगमा पशुपालन गरी दूध उत्पादन गरिरहेका कृषक लाभान्वित हुने भएकाले उनीहरु उत्साहित रहेको प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष टीकाबल्देव सापकोटाले बताए ।

दुग्ध संकलन बैंक उद्घाटन कार्यक्रममा मकवानपुरगढी गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायतको उपस्थिति रहेको थियो । यसैबीच काभ्रेपलान्चोक जिल्लाको रोशी गाँउपालिका स्थित नार्के दुग्ध उत्पादक सहकारी संस्था लि. मा स्थापित दुध संकलन बैंकको पनि प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष सापकोटाले उद्घाटन गरेका थिए ।

# भीमफेदी कारागारका ३० जना कैदीबन्दी बिरामी

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/ भीमफेदीमा रहेको भीमफेदी काराग्रमा अज्ञात रोगबाट सोमबार ३० जना कैदीबन्दी एकैपटक बिरामी परेका छन् । भीमफेदी गाउँपालिका-३ मा रहेको कारागारको 'क' ब्लकमा रहेका कैदीबन्दीमा ज्वरो आउने, काँप्ने, पेट दुख्ने र शरीर कमजोर भएको महसुस हुने समस्या देखिएको कारागार प्रशासक तीर्थ पौडेलले जानकारी दिए ।

कारागार प्रशासक पौडेलका अनुसार बिहान १० जना बिरामी भएपछि नजिकैको स्वास्थ्यकेन्द्रमा उनीहरुको उपचार गरिएको थियो । दिनभर बिरामीको संख्या बढेपछि गाउँपालिका र स्वास्थ्यकेन्द्रको सहयोगमा कारागारमै उपचार गरिएको थियो । प्रशासक पौडेलका अनुसार २ जना डाक्टरसहित आठजना स्वास्थ्यकर्मी कैदीबन्दीको उपचारमा खटिएका थिए ।

केही कैदीबन्दीले मानिस नै चिन्दैनौं भनेपछि कारागारले थप उपचारका लागि जिल्ला स्वास्थ्य कार्यालयसँग सहयोग मागेको पौडेलले बताएका छन् । उक्त ब्लकमा तीन हप्ता अगाडि एकजना बन्दीको मृत्यु भएको थियो । त्यसपछि उनीहरुमा मनोसामाजिक समस्या देखापरेको उनको दाबी छ । 'विषाक्त खानाको कारण बिरामी भएको हो कि भनेर हामीले परीक्षण गऱ्यौं । तर, त्यस्तो केही पाइएन,' उनले भने । कारागारमा हाल १ हजार १ सय ८ जना कैदीबन्दी रहेका छन् ।

# थाहानगरका २२७ जनाले दोहोरो सुबिधा लिएको तथ्य सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ८ जेठ/थाहा नगरपालिकाले सामाजिक सुरक्षा भत्ता बितरण नीतिमा परिमार्जन गर्न, दोहोरो सुबिधा लिईरहेकाको सामाजिक सुरक्षा भत्ता कटौती गर्न कार्यपालिका बैठकमा छलफल गरेको छ ।

८ जेठमा नगरको कार्यपालिका बैठकमा सरकारी निकायबाट तलब, भत्ता, पेन्सन वा कुनै पनि मासिक सुबिधा पाईरहेकाले सामाजिक सुरक्षा भत्ता नपाउने छलफल भएको नगरका प्रवक्ता हेरमान गोपालीले जानकारी दिए ।

थाहा नगरपालिकाबाट जेष्ठ नागरिक, अपाङ्ग, एकल व्यक्ति गरी करिब २ सय २७ जनाले सामाजिक सुरक्षा भत्ता सहित दोहोरो सुबिधा लिइरहेको पाइएको छ । उक्त भत्ता नगरका विभिन्न सरकारी तथा निजि बैंकमार्फत बितरण हुँदै आएको थियो ।

अब वडा कार्यालयबाटै दोहोरो सेवा लिईरहेकाको लगत कट्टा हुने गरी काम थाल्न कार्यपालिकाले निर्णय गरेको प्रवक्ता गोपालीले जानकारी दिए । थाहा नगरपालिका पञ्जिकरण शाखाले दिएको जानकारी अनुसार नगरमा अति अशक्त भत्ता र पेन्सन दुवै भत्ता बुझ्ने ४ जना, जेष्ठ नागरिक र एकल महिला दुवै भत्ता बुझ्ने १४ जना, जेष्ठ नागरिक दलित र पेन्सन बुझ्ने ६ जना, जेष्ठ नागरिक र ७० बर्ष माथी दुवै बुझ्ने १ सय ६९ जना, पूर्ण अपाङ्गता तथा पेन्सन दुवै भत्ता बुझ्ने २ जना, बिधवा भत्ता र पेन्सन दुबै भत्ता बुझ्ने ३२ जना रहेको जानकारी दिएको छ ।

त्यसैगरी बैठकले मिडिया एजेन्सीलाई दिइने ठेक्का बन्दोबस्ती तथा टेन्डर आह्वानका सूचना आगामी बर्ष देखि एकद्वारप्रणाली अन्तर्गत सरकारी छापामाध्यम गोरखापत्रमा मात्र प्रकाशित गर्ने निर्णय गरेको छ भने दामनमा अवस्थित भ्युटावरलाई टेण्डर आह्वान गर्ने निर्णय गरेको प्रवक्ता हेरमान गोपालीले बताए । कार्यपालिका बैठकले आगामी बर्षको बजेट तथा नीति तथा कार्यक्रमको तयारी सम्बन्धमा नगरप्रमुख बिष्णु बिष्टको संयोजकत्वमा ५ सदस्यीय नीति तथा कार्यक्रम मस्यौदा समिति निर्माण गरेको छ ।

# नेपालको सार्वजनिक ऋृण साढे २१ खर्ब

काठमाडौं/नेपालको सार्वजनिक ऋृण साढे २१ खर्ब भन्दा माथि पुगेको छ ।

अर्थ मन्त्रालय मातहतको सार्वजनिक व्यवस्थापन कार्यालयको तथ्यांक अनुसार चालु आर्थिक वर्ष (आव) २०७९/८० को १० महिना (साउन-वैशाख) सम्मको आंकडामा सार्वजनिक ऋृण २१ खर्ब ५४ अर्ब १२ करोड रुपैयाँ पुगेको छ । जसमा आन्तरिक ऋृणले बाह्य ऋृणलाई उछिनेको छ ।

तथ्यांक अनुसार नेपालले तिर्न बाँकी ऋृणमध्ये आन्तरिक ऋृण १० खर्ब ८३ अर्ब ४७ करोड पुगेको छ । बाह्य ऋृण १० खर्ब ७० अर्ब ६४ करोड रुपैयाँ रहेको छ । चालु आर्थिक वर्ष सुरु हुनु अगाडि अर्थात असार २०७९ मा सार्वजनिक ऋृण २० खर्ब १३ अर्ब २९ करोड रुपैयाँ रहेको थियो ।

वैशाख मसान्तसम्म सरकारले २ खर्ब ३० अर्ब २४ करोड रुपैयाँ सार्वजनिक ऋृण लिएको छ । यसै अवधिमा ८९ अर्ब ४१ करोड रुपैयाँ सावाँ भुक्तानी भएको छ । यस अनुसार १० महिनामा खुद सार्वजनिक ऋृण भने १ खर्ब ४० अर्ब ८३ करोड रुपैयाँले वृद्धि भएको छ ।

**वैशाखसम्म ७० अर्ब बाह्य ऋृण**

कार्यालयका अनुसार नेपालले १० महिनाको अवधिमा आन्तरिक ऋृण १ खर्ब ५९ अर्ब ५० करोड रुपैयाँ लिएको छ । नेपालले चालु आर्थिक वर्ष भित्र २ खर्ब ५६ अर्ब रुपैयाँ आन्तरिक ऋृण लिने लक्ष्य राखेको छ । यसै अवधिमा बाह्य ऋृण भने मात्र ७० अर्ब ७४ करोड रुपैयाँ प्राप्त भएको छ । नेपालले एक वर्षको अवधिमा २ खर्ब ४२ अर्ब २६ करोड रुपैयाँ बाह्य ऋृण लिने लक्ष्य राखेको थियो ।


अन्तर्राष्ट्रिय सहायतामा सञ्चालित आयोजनाहरुको कमजोर प्रगतिका कारण नेपालले लक्ष्य अनुसार बाह्य ऋृण भने प्राप्त गर्न हरेक वर्ष असफल हुने गरेको छ । सोहीकारण साधारण खर्च चलाउन समेत आन्तरिक ऋृण लिनु पर्ने अवस्था छ ।

(स्रोत: अनलाइनखबर)

केदारनाथ सुनचाँदी पसल
हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।
प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५


प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा
दोस्रो बागमती प्रदेश खेलकुद-२०८०
खेल तालिका

| खेल | | स्थान | ७ गते | ८ गते | ९ गते | १० गते | ११ गते | १२ गते | १३ गते |
|---|---|---|---|---|---|---|---|---|---|
| भलिबल | महिला | हुप्रचौर | उद्घाटन (४:३० बजे पिप्ले क्याम्पा रंगशाला) | | | | | | |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| फुटबल | महिला | गौरीटार | | | | | | | |
| | पुरुष | पिप्ले | | | | | | | |
| रग्बी | महिला | हुप्रचौर | | | | | | | समापन (४:३० बजे पिप्ले क्याम्पा रंगशाला) |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| बक्सिङ | महिला/पुरुष | हेटौंडा कभर्डहल | | | | | | | |
| कराँते | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| उसु | महिला/पुरुष | त्रिपुरेश्वर | | | | | | | |
| आई.टि.एफ तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| जुडो | महिला/पुरुष | काठमाडौं | | | | | | | |
| ब्याडमिन्टन | महिला/पुरुष | थानाभऱ्याङ | | | | | | | |
| एथलेटिक्स | महिला/पुरुष | पिप्ले | | | | | | | |
| पौडी | महिला/पुरुष | सातदोबाटो | | | | | | | |
| क्रिकेट | महिला | चितवन | | | | | | | |
| | पुरुष | चितवन | | | | | | | |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना